# अध्याय : एक

# परिचय

## १.१ शोध परिचय

प्राकृतिक मनोरम दृश्यद्वारा सुसज्जित सगरमाथाको देश नेपाल दुई ठूला राष्ट्रहरू पूर्व, पश्चिम तथा दक्षिणमा भारत तथा उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बतको भू-भागले घेरिएको एक भू-परिवेष्ठित स्वतन्त्र राष्ट्र हो । यसलाई दुई ढुङ्गा बीचको तरूल पनि भनिन्छ । विश्व मानचित्रमा नेपाल २६°२२" देखी ३०° २७" उत्तरी अक्षांस र ८०°४" देखी ८८° १२" पूर्वी देशान्तर सम्म फैलिएको छ । नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. छ भने पूर्व पश्चिम औसत लम्बाई ८८५कि.मि. र उत्तर दक्षिण औसत चौडाइ १९३ कि.मि. रहेको छ ।

एसिया महादेशमा अवस्थित नेपाल क्षेत्रफलको हिसाबबाट सानो देश भए तापनि भौगोलिक विविधता, जैविक विविधता, हावापानीमा विविधताले भरिपूर्ण र धनी भए जस्तै भाषा, धर्म र संस्कृतिमा पनि विबिधताले युक्त धनी देश हो । यहाँ प्राचीन समयबाटै विभिन्न जात जाति, आदिवासी र जनजातिहरू बसोबास गर्दै आएका छन् । विश्वको सर्वाधिक अग्लो शिखर सगरमाथा (८,८४८) मी. देखि नेपालको होचो भू-भाग (७०) मी. सम्मको धरातलीय स्वरूपहरू छोटो दुरीमानै देख्न पाइन्छ । नेपाल एक कृषि प्रधान देश हो । यहाँका झण्डै ८०% भन्दा बढी मानिसहरूको मुख्य पेशा कृषि हो । नेपाल एक बहुभाषिक, बहुसाँस्कृतिक, बहुजातीय तथा बहुधार्मिक विशेषताले सम्पन्न राष्ट्र हो । नेपालमा हिन्दू धर्मावलम्वीहरूको संख्या बढी भए तापनि वैाद्ध,ईस्लाम, किराँत, इसाइ, जैन आदि धर्म मान्ने मानिसहरू पनि रहेका छन् । तापनि यहाँको समाजमा हिन्दू धार्मिक संस्कारको प्रभाव अत्यधिक परेको छ ।

पूर्व, पश्चिम, उत्तर, दक्षिण, हिमाल, पहाड, तराइमा बसोबास गर्ने सबै जातिको समग्रता नै नेपाल हो । नेपाल राज्य भित्र ब्राह्मण, क्षेत्री लगायतका जातजाति र राउटे, वनकरीया, कुसुण्डा, कुसुवाडिया, वोटे राजी हायु, कुमाल, किसान, गनगाई, , जिरेल, सुरेल सतार, चितमन, झाँगड, मेचे, थकाली, चेपाङ, छन्त्याल, राई, राजवंशी, धिमाल, पहाडी, माझी, ब्यासी, थामी, तामाङ, थारू, दुरा, भुजेल, वोटे, दराइ, सिपार, लिम्बु, लोर्के, लेप्चा आदि लगायतका जनजातिहरू परापूर्वकाल देखि नै बसोबास गर्दै आएका छन् । जुन

विविधताले नेपालीको पहिचानलाई स्पष्ट पार्दछ । यसरी विभिन्न जाति, धर्म, सँस्कृति, परम्परा रहेका मानिसहरू एकतामा आवद्ध रहेका छन्, जुन नेपालको विशेषता हो । जसलाई हामी अनेकतामा एकता र एकतामा विविधता पनि भन्ने गर्दछौं ।

नेपालमा विविध धर्मालवम्वीहरू भए पनि बहुसंख्यक हिन्दू धर्मालम्वीहरू रहेका छन् । जसमा जातीय विभाजनले महत्वपूर्ण स्थान ओगटेको छ । जुन विभाजन कठोर छ । उच्च भनिने ब्राह्मण क्षत्री देखि तल्लो तहका भनिने पोडे, च्यामे जस्ता जातिहरू रहेका छन् । अछूत जातिमा कामी, दमाइ, सार्की आदि पहाडी क्षेत्रमा पोडे, च्यामे आदि काठमाडौं उपत्यका लगायतका क्षेत्रमा र सतार, मूसहर, डुम जस्ता जातिहरू तराई क्षेत्रमा बसोबास गर्दछन् । यी दलित भनिने जातिहरूको शैक्षिक, आर्थिक र राजनैतिक अवस्था कमजोर रहेको पाइन्छ ।

नेपालमा जतीय विभाजनको ईतिहासलाई हेर्ने हो भने लिच्छवीकाल सम्म हेर्नुपर्ने हुन्छ । सोही समयवाटनै कामको विभाजनका आधारमा जातिपाति विभाजन गर्ने गरेको इतिहासवाट पुष्टि हुन्छ । मल्लकालमा खासगरी जयस्थिति मल्लले जातीय व्यवस्थालाई कामको आधारमा अझ वढी जटिल र व्यवस्थित  वनाएका थिए ।

राणाकाल (वि.सं.,१९१०) मा जंगबहादुरले लिखित कानूनको सुरूवात मुलुकी ऐनबाट गरेका थिए । जसमा कानुनद्वारा नै ठूलो तथा सानो जातमा समाज विभक्त थियो । न्याय व्यवस्था पनि जातिगत आधारमा नै प्रचलित थियो । समान किसिमका अपराधमा पनि जाति अनुसारको दण्ड सजायको व्यवस्था गरिएको थियो । २००७ सालको क्रान्तिसँगै देशमा प्रजातन्त्र आयो । जससँगै जातीय व्यवस्थामा पनि केही लचकता आएको देखिन्छ । २०२० सालमा बनेको नयाँ मुलुकी ऐनले जात, धर्म र लिङ्गको आधारमा कसैलाई पनि भेदभाव गर्न नपाइने कानूनी व्यवस्था तय गऱ्यो । यो व्यवहारमा लागु हुन सकेन । व्यवहारमा लागु हुन नसक्दा कतिपय जाति तथा जनजातिहरू अझै पनि माथि उठ्न सकेका छैनन् । विकासको मूलधारमा समावेश हुन सकेका छैनन् तथा आफ्नो स्वतन्त्रताको उपभोग गर्न सकेका छैनन् ।

नेपालमा २०४६ सालको जनआन्दोलन पश्चात् देशमा प्रजातन्त्र आयो । २०४७ सालमा बनेको नयाँ संविधानले नै जातीय भेदभावलाई दण्डनीय वनाएको भएतापनि यो व्यवहारमा लागु हुन सकेन । २०६२।६३ को जनआन्दोलन पछि वनेको अन्तरिम संविधानमा जातीय भेदभाव तथा छुवाछुतलाई समाजको एउटा प्रमुख समस्याको रुपमा स्वीकार गरी

विभिन्न समावेशीकरणको अवधारणा ल्याएको भएपनि यो समस्या समाधान हुन सकेको भने छैन । केही परिवर्तनका संकेत हरुभने अवश्य पनि देखिएका छन् ।

नेपालमा रहेका विभिन्न पिछडिएका जाति तथा जनजाति मध्ये घर्ती जाति पनि एक हो । नेपालको आदिवासी जनजातिको वर्गीकरण सूची २०६०/११/१८ मा वर्गीकृत जनजातिका जम्मा ५ समूह मध्ये सिमान्त कृत समूहमा परेका यिनीहरूको आफ्नै भाषा भए पनि धेरैजसो नेपाली भाषा नै बोल्छन् । खास गरी कृषि तथा पशुपालनमा यिनीहरू संलग्न रहेका छन् । यो जाति विवाहमा कलस बोक्ने कलश्यौली, डोला बोक्ने डोले, दुलहीका सुसारे तथा पारे घर्ती गरी विभिन्न परम्परागत कामहरू पनि गर्ने गर्दछन्  तर हाल यिनीहरु अन्य पेशा व्यवसायमा लाग्ने गरेका छन् ।

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चल अन्तर्गत पर्ने स्याङ्जा जिल्ला पनि विभिन्न जातजाति तथा जनजातिहरूको संङगम स्थल हो । यहाँ बसोबास गर्ने विभिन्न जनजातिहरू मध्ये भुजेल पनि एक आदिवासी जनजातिको रूपमा परिचित जाति  हो । परापूर्वकाल देखि नै बसोबास गर्दै आईरहेको भएपनि यो जाति पिछडिएको जातिको रूपमा रहेको छ । आजको एक्काईसौं शताब्दीको बदलिदो परिस्थितिमा पनि भुजेल जाति सामाजिक, आर्थिक, राजनैतिक आदि क्षेत्रमा अत्यन्तै पछाडि परेको छ । भुजेल जाति नेपालका अल्पसंङख्यक अन्य आदिवासी जनजाति जस्तै पिछडिएको छ । यो जाति आफ्नै भाषा, सामाजिक, धार्मिक र साँस्कृतिक पहिचान भएको जाति हो । आफ्नो छुट्टै अस्तित्व भए पनि यथार्थमा यो जाति पिछडिएको छ । यस शोध पत्रमा स्याङ्जा जिल्लाको फापरथुम गा.वि.स.को घर्ती जातिको बारेमा विस्तृत र गहन अध्ययन गरी यिनीहरूको सामाजिक साँस्कृतिक अवस्थाको बारेमा प्रकाश पार्दै अन्य जाति सँगको अन्तरसम्बन्ध प्रष्ट गर्न प्रयत्न गरिएको छ ।

स्याङ्जा जिल्लाको सदरमुकाम पुतलीबजार देखि पश्चिम पट्टि  झण्डै ५ कि.मी. को दुरीमा आँधिखोलाको काखमा अवस्थित फापरथुम गा.वि.स. अत्यन्तै मनोरम स्थल हो । यहाँ खास गरी ब्राह्मण जातिको बाहुल्यता रहेको छ । यो क्षेत्रका ब्राह्मणहरू अन्य पेशा लगायत सरकारी सेवामा बढी लागेको पाइन्छ । नेपाल सरकारका सानादेखि उच्च पदस्त अधिकारीहरू यो क्षेत्रमा उल्लेख्य रूपमा रहेका छन् । शैक्षिक जागरणको हिसावमा यो क्षेत्र अत्यन्तै अगाडि रहेको छ । तर यही क्षेत्रका भुजेल जातिको विकास भने उल्लेख्य रूपमा हुन सकेको छैन । फापरथुम गा.वि.स. अन्तर्गत रहेका वडा नं. १, ३, र ६ मा रहेका भुजेलहरूको यथार्थ अध्ययन यस शोध पत्रमा गरिनेछ । तीन वटा वडामा रहेका जम्मा ४९ घर्ती परिवार नै यस अध्ययनको मुख्य केन्द्रविन्दु हुन् ।

## १.२. समस्याको कथन

नेपाल बहुजातीय, बहुसाँस्कृतिक, बहुभाषिक तथा बहुधार्मिक एक स्वतन्त्र धर्म निरपेक्ष राष्ट्र हो । यहाँका सबै क्षेत्रमा विविधता विद्यमान रहेको छ । विश्व आधुनिकता तर्फ फडको मारे पनि नेपालमा घुमन्ते जंङगली जीवन बिताई कन्दमुल खाने मानिसको अस्तित्व समेत भेट्न सकिन्छ । यहाँ उच्च, निम्न तथा मध्यम गरी आर्थिक रूपले तिनै किसिमका वर्गहरुको प्रभाव रहेको छ । प्राचीन समय देखि नै ठूलाठालु उच्च जाति भनाउदाहरूको मान सम्मान, इज्जत बढी भएको पनि हामी पाउँछौं । उच्चनीचको भावना कर्मका आधारमा नभै जन्मको आधारमा हुनु विडम्वना हो जुन एक्काइसौ शताब्दीमा पनि हाम्रो समाजमा विद्यमान छ ।

घर्ती जातिको मौलिक भाषा संस्कृति र वीरतापूर्ण इतिहास भएर पनि सवैमा यसको जानकारी छैन । घर्ती भुजेललाई कहिँ हिन्दू वर्णाश्रममा आधारित जाति वा थरको रुपमा त कहीँ मगर जातिको उपजातको रुपमा समेत राखेको देखिन्छ । कुनै कुनै समाजमा त घर्ती भन्नासाथ दासदासीका सन्तान भन्ने गलत धारणा समेत पाईन्छ । यर्थाथताको खोज गर्नुतर्फ नलागेर यस समुदायका नयाँ पिढीमा छिमेकी वाहुल्यताको आधारमा थर लेखाउने चलन पनि वढेको पाइन्छ । यो समुदायका मानिसहरु किन आफ्नो पहिचान खोज्नतर्फ लागेनन् र लागेका पनि किन सत्यतथ्य वाहिर ल्याउने गरी लाग्न सकेनन् तथा किन यिनीहरु सामाजिक रुपमा पछाडि परे ? भनेर यस शोधपत्रमा खोजि गरिएको छ ।

प्राचीन कालमा नेपालको दक्षिणतिरबाट आएका आर्यहरू र उत्तरतिरबाट आएका मंगोल जातिको सम्मिश्रणबाट नेपाली समाजको निर्माण भएको पाइन्छ । यस्तो सम्मिश्रण भए तापनि परापूर्वकालदेखि नै नेपालमा हिन्दू धर्म र संस्कृतिले जरा गाडेको पाईन्छ । यसरी नै हिन्दू धर्मको प्रभाव परेको आदिवासी भुजेल जनजातिको बारेमा देखिएका निम्न प्रश्नको उठान गरिएको छ ।

१. भुजेल जाति पिछडिनुको मुख्य कारणहरु के के छन् ?

२. उपल्ला मानिने जातिहरुले यिनीहरुलाई किन शोषणमा पारे ?

३. यिनीहरुको सामाजिक तथा आर्थिक स्थिति कमजोर रहनुको कारण के हो ?

४. यस जातिको अन्य जातिसँग सम्बन्ध कस्तो छ ?

## १.३. अध्ययनको उद्देश्य

भुजेल जातिको सामाजिक, सांस्कृतिक अवस्था बारे जानकारी प्रस्तुत गर्नु यस अध्ययनको सामान्य उद्देश्य रहेको छ भने विशिष्ट उद्देश्यहरु निम्न छन् ।

१. भुजेल जातिको सामाजिक साँस्कृतिक अवस्थाको विश्लेषण गर्ने ।

२. भुजेल जाति पिछडिनुको मुख्य कारणहरु खोजी गर्ने ।

३. भुजेल जातिको अन्य जातिसँगको सम्बन्धको विश्लेषण गर्ने ।

## १.४. अध्ययनको औचित्य तथा महत्व

समुदायको सामाजिक तथा साँस्कृतिक अवस्था भन्नाले विद्यमान रहेको सामाजिक, साँस्कृतिक अवस्था, तिनीहरूको पूर्व समयको अवस्था तथा आर्थिक तथा सामाजिक अवस्थामा आउने परिवर्तनलाई बुझाउँछ । जस अन्तर्गत परिवारको दैनिक जीवन, पेशा लवाइ, खवाई, चेतना, संस्कृति आदिमा हुने परिवर्तनलाई बुझाउँछ । कुनै पनि समाजमा हुने यिनै विषयहरू र यसका कारणको पहिचान गरी यसले व्यक्तिको समाज र समुदायमा पारेका प्रभाव र असरको बारेमा अध्ययन गर्न सहयोग गर्दछ ।

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको नेपाल राज्यमा विभिन्न क्षेत्रमा विभिन्न किसिमका जाति तथा जनजाति बसोबास गर्दै आएका छन् । यस्ता जातिहरूको खोजी गरी उनीहरूको पहिचान गर्नु, आजको आवश्यकता हो । नेपालको विभिन्न भू-भागमा बसोबास गर्दै आइरहेको जाति जनजाति राष्ट्रियताका अभिन्न अंङग हुन् । तिनीहरूको अध्ययन अनुसन्धान गरी राष्ट्रिय विकासको मुलधारमा समायोजन गर्दै लैजानुपर्ने आजको मुख्य चुनौति हो । सामाजमा पछाडि परेका जाति तथा जनजातिहरूको अवस्था तथा समस्याको पहिचान गरी त्यसलाई समाधान गर्दै अगाडि नबढेको खण्डमा विकासका निम्ति तर्जुमा गरिएका विभिन्न योजनाको औचित्य नरहन पनि सक्दछ ।

आफ्नो मातृभाषा भएर पनि धेरैजसो भुजेलहरू नेपाली भाषा बोल्ने विभिन्न जनजातिहरू मध्ये एक हुन् । यो अध्ययनले भुजेल जातिको जातीय पहिचान, समाजमा यस जातिको स्थान, यस जातिको संस्कृति, परम्परा, भाषा, भेषभूषा, रीतिरिवाज र चालचलनको बारेमा तथा महिलाको अवस्था, पेशा, शैक्षिक अवस्था आदिको बारेमा अध्ययन गरी बाहिर ल्याउन अति आवश्यक रहेको छ । यसका निम्ति यस शोधपत्रले सहयोग गर्नेछ ।

यस जातिको बारेमा अध्ययन गरी स्याङ्जा जिल्ला फापरथुम गा.वि.स.मा बस्ने घर्ती जातिको सामाजिक साँस्कृतिक अवस्था, आर्थिक तथा पेशागत पक्ष त्यसको प्रभावको

बारेमा अन्य जानकारी थप्ने छ । यस जातिको अन्य जातिसँगको अन्तरसम्बन्ध पत्ता लगाउनेछ । त्यसले घर्ती जातिलाई पनि उनीहरूको जातीय उत्थानलाई सहयोग पुग्नेछ । नीति निर्माता, योजना निर्माणकर्ता, विश्लेषक स्वदेशी तथा विदेशी अनुसंन्धानकर्तालाई समेत सहयोग पुग्नेछ भने समाजशास्त्र तथा मानवशास्त्रमा समेत यसको महत्व रहनेछ ।

## १.५ अध्ययनको सीमा

जुनसुकै अध्ययनको पनि आफ्नै सीमा हुन्छ । सीमा निर्धारणको कारण समय श्रम स्रोत साधनको कारणले गर्दा सम्पूर्ण पक्ष समेटन सकिदैन ।

यस अध्ययनमा सम्पूर्ण नेपाल भरी बसोबास गर्ने भुजेल जातिको बारेमा अध्ययन गर्न नसके पनि स्याङ्जा जिल्ला फापरथुम गा.वि.स.मा बसोबास गर्ने भुजेल जातिको बारेमा र उनीहरूको अन्य जातिसँगको अन्तरसम्बन्धको अध्ययन गर्ने उद्देश्य रहेको छ । यो अध्ययनबाट सामाजिक, साँस्कृतिक अवस्था र अन्य जातिसँगको अन्तरसम्बन्धको बारेमा मात्र अध्ययन गरिएको छ ।

## १.६ अध्ययनको संगठन

प्रस्तुत अध्ययनलाई सात  अध्यायमा विभाजन गरेर व्याख्या तथा विश्लेषण गरिएको छ । अध्याय एकमा परिचयले यस अध्ययनको बारेमा जानकारी दिन्छ । जसमा अध्ययनका उद्देश्य र औचित्यता पर्दछन् । अध्याय दुईमा भुजेल (घर्ती) जातिको बारेमा विभिन्न विद्वानहरूले गरेको अध्ययनलाई संक्षेपमा उल्लेख गरिएको छ ।

अध्याय तीनमा अनुसन्धान विधि सामग्रीका स्रोत र प्रकृति बारे उल्लेख गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको सामाजिक तथा आर्थिक अवस्था, अध्याय ५  मा अध्ययन क्षेत्रबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्ने क्रममा धार्मिक तथा साँस्कृतिक अवस्थासँग सम्बन्धित विषयवस्तुहरूलाई प्रस्तुत गरिएको छ । अध्याय ६ मा घर्ती जातिको अन्य जातिसँगको अन्तरसम्बन्ध उल्लेख छ भने सातौं वा अन्तिम अध्यायमा सांरश, निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।

# अध्याय : दुई

# पूर्वकार्यको समीक्षा

## २.१ घर्ती (भुजेल) जाति र परिचय

भौगोलिक विविधताको धनी देश नेपाल जातीय भाषिक र साँस्कृतिक पक्षमा पनि त्यतिकै धनी छ । सानो क्षेत्रफलमा फैलिए पनि यहाँ विभिन्न साँस्कृतिक भाषिक र धार्मिक पहिचान बोकेका जातजातिको बसोबासले देशलाई नै विविध संस्कृतिमय बनाएको छ । यसरी स्वतन्त्र पहिचान बोकेर नेपालको विभिन्न भू-भागमा बसोबास गरेका जनजातिमध्ये घर्ती भुजेल पनि एउटा समुदाय हो । मध्ये नेपालको ढोरपाटन र भुजि क्षेत्रलाई आफ्नो मूल थलो मान्ने भुजेलहरू अहिले मध्य नेपालका पश्चिमाञ्चल र मध्ये पश्चिमाञ्चलका विभिन्न जिल्लामा अन्य क्षेत्रको तुलनामा घना रूपमा वितरित भएका पाइन्छ । सानो र छरिएको जनसंख्या भने नेपालको पुर्वदेखि पश्चिमसम्म र भारतको सिक्किम दार्जलिङ्गसम्म पाइन्छ ।

राष्ट्रिय जनगणना २०५८ अनुसार ११७५६८ जनसंख्या भएको घर्ती भुजेलहरूले कुल जनसंख्याको ०.५२% भाग ओगटेको छ । तर वर्तमान सम्म पनि यी जातिका मानिस अल्पसंङख्यक रूपमा अन्य जातिहरूसँग मिसिएर बसेका र कतिपय ठाउँमा पहिचानको क्रममा फरक जाति लेखाइ दिने रोगले नछाडेका कारण ठूलो संख्यामा यसमा नसमेटिएको कुरा जानकारहरू बताउँछन् । गन्ती क्रमका त्रुटीले गर्दा पनि यो जातिको जनसंख्या अन्य जातिसँग मिसिएको पनि पाइन्छ । त्यसैले के भन्न सकिन्छ भने भुजेल जातिको संख्या गणनाले देखाए भन्दा बढी छ । (भुजेल जागरण, २०६२)

अर्को रोचक र मननीय पक्ष के छ भने यो जातिसँग आफ्नै स्वतन्त्र भाषा र संस्कृति अझै जीवितै छ तर यो कुरा धेरैलाई थाहा छैन । नेपालका विभिन्न स्थानमा छरिएर रहेका कतिपय आफ्नै जातीय समुदाय यसबारे अनविज्ञ छन् । यसो हुनुमा छरिएर रहनु र यस जाति प्रति सम्बन्धित पक्षले संरक्षण नदिनु पनि हो । वर्तमान आधुनिक सञ्चारको वैज्ञानिक युगमा आफ्नै देशभित्रको स्वतन्त्र जातिको भाषा संस्कृति सवैलाइ थाहा नहुनु या बाहिर ल्याउने पहल सम्बन्धित पक्षले नगरी दिनु र गलत रूपमा बुझिदिनु, वास्तवमा हास्यास्पद कुरा हो । भाषा बोल्नेको संख्या नगन्वे भए पनि यो भाषाले संरक्षण पाएमा बोल्नेको संख्या निश्चित रूपमा नै वृद्धि हुन्छ (भुजेल जागरण, २०६२) ।

देश तथा विदेशका विभिन्न ठाउँमा स-साना संख्यामा वितरित भएर रहनु र इतिहासको काल खण्डमा राज्यशक्तिको विभेद र अनुकूल प्रतिकूल घुम्ती मोडहरू पार गर्नु परे पनि यो जातिमा हामी भन्ने भावना अझै ज्युँदो छ जुन घर्ती, भुजेल, खवास समुदायको लागि यो गौरवको कुरा हो । यस्तै भुजेलको भाषा संस्कृति अझै जिउँदो पाइनु त्यसलाई यस जातिका मानिसले अझै पनि अपनाइरहनु हिजोको विभेदकारी तत्वका लागि चुनौती हो । उनीहरू एउटा जातिको भाषा संस्कृतिलाई राष्ट्रकै सम्पत्ति ठानेर जगेर्ना गर्न नभई मेटाउन चाहन्थे जुन भाषा संस्कृति माथि सिङ्गो भुजेल समुदायले गौरव गर्न पाएको छ र गर्नु पर्दछ । आजको स्वतन्त्र खुला वातावरणमा यसको जर्गेना र संरक्षण गर्ने जिम्मा भुजेल समुदायको हो अनि यो राष्ट्रको पनि (भुजेल जागरण, २०६२) ।

भुजेल समाज सेवा समिति केन्द्रीय समितिको विधान अनुसार भुजेल समाज भन्नाले "नेपाल अधिराज्य भित्र र नेपाल बाहिरका अन्य कुनै पनि मुलुकमा बसोबास गर्ने भुजेल जातिका मानिस समुदाय एवं घर्ती, खवास, जि.सी,.जि.टी., जि.एम. लेख्ने वा यस बाहेकका अन्य थर लेख्ने भए पनि आफूलाई भुजेल हुँ वा हौँ भन्ने मानिस वा समुदायलाई जनाउँछ" (भुजेल समाज सेवा समितिको विधान, २०५३ को २०५९को संसोधन) ।

## २.२ मौखिक आख्यान र भुजेल जातिको उत्पति

घर्ती भुजेल जातिको उत्पति सम्बन्धी प्रशस्त अध्ययनको खाँचो छ । हचुवाको भरमा यस जातिको इतिहास यही हो भन्न गाह्रो छ । इतिहासको अस्पष्टताले गर्दा आज घर्ती जाति विभिन्न समूहमा आवद्ध भएर पहिचान दिन बाध्य छन् । तापनि के कुरा सत्य हो भने यो जाति भूजि उपत्यका तथा तक र शेराबाट देशका विभिन्न स्थानमा वितरित भएका हुन् यो कुरा वर्तमानमा गरिएका अध्ययनबाट पुष्टि हुन्छ । विगतमा यस जातिको बारेमा अध्ययन भएका तथा लेखिएका प्रमाणहरू कम प्रकाशमा आएका छन् भने वर्तमान पुस्ताले पनि मूल थलोमा गएर प्रशस्त अध्ययन अनुसन्धान गर्न सकेका छैनन् । हिजोका दिनमा यस जातिको अध्ययन अनुसन्धान उपेक्षामा परे पनि वर्तमान पुस्ताले यस प्रति चासो दिनु अत्यन्त जरूरी छ । आजकल देशका विभिन्न स्थानमा भुजेल, घर्ती, खवास, जि.सी., जि.टी., जि.एम (मगर) तामाङ् भुजेल जे भनेर चिनिए पनि यस जातिको मुल पहिचान हुने शब्द घर्ती नै हो । यो यस जातिका समुदायका सदस्यले समेत स्वीकार गरेको कुरा हो । यसरी यस जातिको उत्पतिलाई केलाउँदै जाँदा भूजि उपत्यका वरपर तथा सेरा वरपर प्रचलित

अलिखित तथा मौलिक परम्परामा जीवित जनश्रुति तथा वंशावलीको साहरा लिनुपर्ने हुन्छ । जस अनुसार भूजीखोला र घर्तीकोट नै यिनीहरूको मूल थलो भन्ने थाहा हुन्छ । (भुजेल जागरण, २०६२)

भुजेल जातिको मूल थलोमा व्यापक रूपमा जनश्रुर्तिको संकलन र विश्लेषण भएकै छैन यस सम्बन्धी अध्ययन हुन बाँकि नै छ तर पनि यहाँ प्रचलित अलिखित वंशावलीमा स्थानीय युवतीसँग काल्पनिक दैवी पुरूषको सम्बन्ध देखाएर तिनबाट जन्मेको सन्तान नै घर्ती भएको उल्लेख गरिएको छ । स्थानीय ओडारमा बस्ने यो दैवी शक्तिले त्यो आफ्नो जात स्वीकार गरी कृषि कर्मका लागि औजार समेत दिएर आफू विलिन भएको कथा वर्णित छ । (ओपिट्ज, १९८३)

यही कथासँग करिब मिल्दोजुल्दो जनश्रुति भुजेल जाति र भाषा प्रारम्भिक अध्ययन वि.सं. २०५८ मा बाबुराम भुजेलले पनि बागलुङको बोबाङ बाट संकलन गर्नु भएको छ । यी जनश्रुतिको अध्ययनले घर्ती जातिको उत्पति मङंगोलवंशी महिला र फरक वंशको पुरूषको सम्मिश्रणबाट भएको नयाँ वंश हो कि भन्ने प्रश्न खडा हुन्छ । भुजिखोला वरपर बस्ने नौ थरमा विभाजित भुजेलहरूले एउटा रौं पलाएको बनमान्छे फेला पारे र आफूसँगै पालेपछि उनीहरूको संसर्गमा बस्दाबस्दै रौंहरू झर्दै गयो र त्यस मानिसलाई आफ्नै छोरी विवाह गरिदिए र छ्याण्ड भन्ने ठाउँमा बसोबास गराइदिएपछि त्यो जाति छन्त्याल भनेर चिनियो यसरी ओडार बाट घर्तीको उत्पति भएको कुरा युक्तिसंगत हुँदैन । (डा. पन्त, २०५३)

यी कथनमा वर्णित खेतिकलाले घर्ति र धर्तीको गहिरो सम्बन्ध भएको देखाउँछ । सबैभन्दा पहिले माटो आवाद गर्ने, (जोत्ने) जाति भएकोले उच्चारणमा उस्तै उस्तै छनक आउने भएकाले धर्तीबाट घर्ती भएको कुरा पनि तर्कपूर्ण नै छ । यो कुरालाई लेखमा प्रत्येक वर्ष सुरूवातमा खेती लगाउन जैसीले साइत हेर्ने र घर्तीले बारी जोत्न सुरूवात गर्ने, त्यसपछि मात्र अरूले सुरू गर्ने परम्पराको उल्लेखले थप पुष्टि गर्दछ । (ओप्पिट्ज, १९८३)

यस कुराको थप पुष्टि के ले पनि हुन्छ भने नेपालको अन्य भू-भागमा पनि जहाँ जहाँ घर्तीहरू पुगे त्यहाँ ठूलाठुला स्वाँरा टारहरूमा घर्तीहरूले प्रथम पटक आवाद गरेर खेती गरेका उदाहरण अझै छन् । जस्तै घर्ती छाप, घर्ती स्वाँरा, घर्तीखेत, घर्ती चौतारा, घर्तिवास भुजेल खर्क आदि पछि कतिपय यिनै ठाउँमा आर्यहरूले यिनीहरूलाई विस्थापित गरेको पाइन्छ । तर विस्तारै यस जातिको भाषा परम्परा जसरी लोप हुँदैछ त्यसरी नै यस जातिका

पुर्खाले कायम गरेका ती महत्वका अस्तित्व र चिनोहरू पनि अर्कै नाममा परिवर्तन हुँदैछन् आजका पुस्ताले ती नामलाई हीनताले होइन गौरवपूर्ण रूपमा  कायम राख्नुपर्दछ । भोली तिनै चिनो हाम्रा अध्ययन अनुसंन्धानमा काम लाग्दछन् । धर्ती र घर्तीको सामीप्य हेर्दा के पनि भन्न सकिन्छ भने माथि वर्णित दैवी शक्ति/पुरूष धर्तिमा विलिन भएकाले धर्ती भन्दा घर्ती भएको पनि हुनसक्छ । कैलाश पत्रिकामै ओपिटजले हुकामबाट लिखित रूपमा संकलन गरेको बुढाहरूको वंशावलीमा घर्तीको उल्लेख गरे पनि घर्तीहरूलाई बुढाको सेवक सहयोगीका रूपमा चित्रण गरिएको छ भने उत्पति प्रक्रियामा खासै भिन्नता छैन उही कथा दोहोरिएको छ । यसले के अड्कल काट्न सकिन्छ भने वर्तमानको राप्ती र यस वरपर बस्ने मंगोल वंशी जनजातिहरूमा परापूर्वकालदेखि नै ब्राह्मणबाद आर्य संस्कृतिको ठूलो सानो भन्ने संस्कृतिको प्रभाव परेको थियो । सामाजिक समतामा विश्वास राख्ने थुप्रै जनजाति वर्तमान वैज्ञानिक युगमा पनि यसै हिन्दू संस्कारको प्रभावले प्रभावित छन् तर जतिसुकै प्रयास गरे पनि विग्रहवादको विखण्डनवादी सोचले जनजाति समुदायको हामी भन्ने भावना मरेको छैन । (भुजेल जागरण,२०६२)

घर्तीहरू घर्ती र भुजेल गरी दुई थर भएको र भुजेलहरूको आफ्नै भाषा संस्कृति भएको खस आर्य इतर जातिको रूपमा चिनाएका छन तर यस समुदायमा विभिन्न मंगोलवंशी जनजातिमा आर्य संस्कृति अपनाउने प्रक्रिया प्रशस्त थियो । यसरी आफ्नो मौलिक संस्कृति छाडेर अर्को संस्कृति परम्परा अपनाउनेमा राना थापा जरीयासँग केही घर्तीहरू पनि थिए । (हेमिल्टन, सन् १८१९)

११औं शताब्दी देखि नै मुगल आक्रमणबाट बच्न नेपालतिर प्रवेश गर्न थालेका ककेसियन आर्यहरूले आफ्नो आर्य संस्कृति विस्तारै ककेसियन मुलका खसहरूबाट लादन सुरू गरेर विस्तारै सोझा जनजातिहरू माथि पनि सुरू गरे यसरी १९औं शताब्दीको सुरू सम्म आइपुग्दा धेरै जनजाति साँस्कृतिक विचलनको चक्रमा परे कतिपय जरीया जस्ता मौलिक भाषा संस्कृति भएका जातिहरू त आर्य संस्कृतिमा विलय भएर त्यस बेला नै हराइसकेका थिए । जसरी हिन्दू खस शासकहरूले एकपछि अर्को गरेर सोझा जनजातिको राज्यमा हैकम जमाउँदै गए त्यसरी नै फुटाउ र विभेदको परम्पराले सोझा अन्य जातिलाई विचलित पार्दै आफ्नो भाषा संस्कृतिमा समेट्न थाले यसरी वर्तमानसम्म आइपुग्दा भुजेल घर्तीहरू विभिन्न जात उपजातमा मात्र विभाजन भएनन् साँस्कृतिक धार्मिक रूपमा पनि मौलिकपन नै नरहने गरी प्रभावित भए । जनसङ्ख्या पातलोरूपमा छिन्नभिन्न मात्र भएन

भाषा र मौलिक इतिहासनै तहसनहस भयो । वर्तमानमा यति साह्रो हिन्दूकरणको चपेटामा परेको जाति सायद भुजेल नै होला । आज यस समुदायका धेरै सदस्यलाई थाहा छैनकि हाम्रो छुट्टै भाषा संस्कृति र जातीय पहिचान छ । बरू यसको सट्टा उनीहरू पूर्ण हिन्दूकरण भएका छन् । यस जातिमा आर्य संस्कारको पण्डित्याइँले गर्दा आफ्नो जाति घर्ती भनेर पहिचान दिनुको सट्टा स्थानीय रूपमा जुन जातिको बाहुल्यता छ त्यसै जातिमा घुस्ने र त्यसरी नै हृदय दिने परम्परा विकसित भयो । तर पनि यो जातिले आफ्नो पहिचान शब्द घर्तीलाई पछाडि जे जोडे पनि भाषा संस्कार भुले झै भुल्न सकेन फलत आजको स्वतन्त्र वातावरणमा परिवेशमा यसै पहिचानले घर्ती भुजेललाई क्रमश पुर्नमीलनको बाटोमा अग्रसर गराइरहेको छ । (भुजेल जागरण, २०६२)

## २.३ ऐतिहासिक तथ्य र भुजेल जातिको पहिचान

घर्ती जातिबारे छुट्टै शीर्षकमा वर्णन नगरे तापनि घर्ती जाति घर्ती र भुजेल गरी दुई किसिमको भएको र भुजेलहरू गुरूङ्ग जाति जस्तै आफ्नै भिन्न भाषा संस्कृति भएको जाति हो भनेर उल्लेख गरेका छन् । घर्तीहरू पनि अशुद्ध जातिको रूपमा गुरूङ्हरूको बिचमा समान संस्कृति अपनाएर बस्ने जातिको रूपमा उल्लेख छ । लेखकले पहाडी राजकुमारहरूले हिन्दू धर्म संस्कार अपनाउन थालेपछि त्यसैको देखासिकी स्वरूप थापा, राना, कार्की, खड्का, माझीहरूसँगै केही घर्तीहरूले पनि आर्य संस्कृतिमा पसेको र गोर्खा राज्यको सैनिक तथा अन्य जागिरमा प्रवेश गरेको कुरा उल्लेख गरेका छन् । बाइसे राज्यअन्तर्गत दाङ राज्यको वर्णन गर्ने क्रममा घर्ती जातिबारे पनि उल्लेख गरेका छन् । घर्ती शुद्ध र अशुद्ध दुवै थरी भएको र शुद्ध घर्तीलाई खसीया भनिने र अशुद्ध घर्ती निसेल र भुजेल भएको उल्लेख छ । ( ह्यामिल्टन, १८१९)

विभिन्न जातजातिका उल्लेख गर्ने क्रममा घर्ती थापा र राना दुई थरमा विभाजित भएको एक थरी बाहुनसँग जनै थापी अन्य जाति संस्कार अन्तर्गतको खस जातिमा बढोत्तरी भएको तथा केही मगर जाति सरह नै रहेको उल्लेख गरेका छन् । घर्ती जातिबारे थप उल्लेख गर्ने क्रममा यस जातिमा रक्त मिश्रणको छनक दिँदै भुजेल घर्ती उच्च पर्वतीय भाग तथा उपत्यकामा बस्ने पशुपालक जाति भएको उल्लेख गरेका छन् । लेखकले भुजेलहरू गुल्मीको उत्तरी भू-भागको पुन बस्ती भन्दा अझ माथिल्लो क्षेत्र तथा भुजिखोला वरपर घर्ती बसेको र भुजिखोलाको नामद्वारा नै भुजेल कहलाएको सम्भावना प्रकाश पारेका छन् । घर्ती

जातिको शारीरिक संरचना थर उप थर बारे पनि अध्ययन कर्ताले प्रकाश पारेका छन् । (भ्यासिटार्ट, १८९५)

नेपालको हिमालय भाग वरपरका विभिन्न जनजातिहरूमा प्रचलित झाक्रीवाद र लामावादको अध्ययनको क्रममा हिच्चकले “एस्पेक्ट अफ भुजेल शमनी” भन्ने शीर्षक अन्तर्गत उनीहरूमा प्रचलित झाँक्रिवादको विभिन्न पक्षको व्याख्या गरेका छन् । यस क्रममा यिनले भुजेल भनेर उपल्लो भूजि उपत्यका तथा यस वरपरका तक र सेरामा बसोबास गर्ने सम्पूर्ण बासिन्दाहरूलाई इङगित गरेका छन् । यिनले भूजेललाई घुमफिर पशुचरन तथा खेती कार्यमा संलग्न रहेर जीविकोपार्जन गर्ने जाति भनेर भनेका छन् । ( हिच्चक, १९७६)

घर्ती जातिलाई मगर तथा गुरूङ् जाति अन्तर्गत उप थरका रूपमा समावेश गरेका छन् । खस घर्ती अन्तर्गत कालिकोरया र सिंजापति दुई थरी उल्लेख गरेका छन् । मगरको आले अन्तर्गतको एक थरी भनी घर्ती उल्लेख छ । अध्ययनकर्ताले दश जातिको सन्तान पार घर्ती तथा खवासका बारेमा पनि उल्लेख गरेका छन् । (हडसन्, १८७४)

रूकुमको तकमा घर्तीको अलिखित वंशावली बारे उल्लेख गर्नुभएको छ । उहाँले भिन्दाभिन्दै स्रोतबाट संकलित अलिखित वंशावलीको मूल आत्मको तुलनात्मक विश्लेषण गर्दै मानव जातीय उत्पतिलाई वर्तमानमा राखि दिनु भएको छ । घर्ती जातिको उत्पत्ति पहिलो वंश सामाजिक सम्बन्धको सुरूवात बसाई सराई तथा कसरी सबैभन्दा पहिलो कृषिकला सिके र उनीहरूको सिकार खेल्ने परम्परा आदि कथामा वर्णित छन् । घर्ती जातिको उत्पत्तिको मानव जातीय इतिहास र वर्तमानको सामीप्यतालाई लेखमा विश्लेषण गरिएको छ । लेखकले घर्ती र धर्ती बीचको सम्बन्धको कारण घर्ती शब्दको प्रचलन चलेको उल्लेखमा जोड दिएका छन् । एउटै पुर्खाका सन्तान मध्ये हुकाम भन्ने ठाउँमा बस्ने बुढा बाच्छी भन्ने स्थानमा बस्ने पुन र तक भन्ने स्थानमा बस्ने सन्तान घर्ती भएको उल्लेख गर्दै यिनीहरूको विवाह संस्कारबारे पनि प्रकाश पारेका छन् । (ओप्पीटज, १९८३)

नेपालको विभिन्न जनजातिबारे उल्लेख गर्ने क्रममा भुजेल जातिबारे पनि उल्लेख गरिएको छ । भुजेल देशका सबैजसो भागमा छरिएको उल्लेख गर्दै तनहुँ स्याङ्जा, गोरखा, लमजुङ्ग ठाउँबारे चर्चा गरेका छन् । खास गरी भुजेलको शारीरिक संरचना, भाषा, जन्म मृत्यु संस्कार, गरगहना, लवाई, खवाइ, भुजेल बस्ती र आर्थिक अवस्थाबारे प्रस्तुत लेखमा छोटो रूपमा उल्लेख गरेका छन् । लेखकले भुजेल जाति भित्रका १४ वटा उप थरको

उल्लेख गरेका छन् भने भुजेल भाषाका केही नमूना शब्दको पनि प्रस्तुत गरेका छन् । लेखकले भुजेल जातिलाई आफ्नै प्रकारको भाषा संस्कृति परम्परा भएको अल्पसंख्यक जनजातिको रूपमा चिनाएका छन् । (थापा मगर र गौतम, १९९४)

सिङ्गो भुजेल जातिको अध्ययनमा मात्र केन्द्रित भएर लेखिएको पुस्तक भुजेल जाति र भाषा प्रारम्भिक अध्ययन भन्ने पुस्तकमा खण्ड क मा भुजेल जातिको प्रारम्भिक अध्ययन बाबुराम भुजलले लेख्नु भएको हो । यस खण्डमा भुजेल घर्ती जातिको उत्पत्ति मौलिक संस्कार, संस्कृति, रीतिरिवाज, परम्परा, भाषा, धर्म, भेष आदि पक्षलाई औल्याउने प्रयास गरिएको छ । घर्ती भुजेल र खवासहरू समान संस्कृति भएका एउटै जाति परिवार भित्रका उप थर भएको उल्लेख गर्दै यो जाति मगर वा क्षेत्री नभएर नेपालका विभिन्न आदिवासी जनजाति मध्येकै आफ्नै पहिचान बोकेको सिङ्गो जातिको रूपमा चिनाइएको छ । ऐतिहासिक पक्षको उल्लेख गर्दै भुजेल जातिले भूजि भन्ने ठाउँमा राज्य गरेको इतिहास झल्काइएको छ । लेखकले बाग्लुङ्ग जिल्लाको वोवाङमा मौखिक परम्परामा जिवित अलिखित वंशावलीलाई उल्लेख गरेर यस जातिको उत्पत्ति र पुर्खाबारे स्पष्ट पारेका छन् । (भुजेल र तामाङ, २०५८)

भुजेल जातिको राज्य शासनको अस्तित्व चौधौ शताब्दीको मध्यतिर २२से राज्यको उदसँगै समाप्त भएको देखिन्छ । यसभन्दा अगाडी ढोरपाटन र यस वरपर भुजेल राज्यको अस्तित्व प्रस्ट देखिन्छ । यो राज्यमा रूकुम, गुल्मी, पर्वत र बाग्लुङ्गका भागहरू समेटिएको अड्कल काट्न सकिन्छ । किनकि वर्तमानमा पनि ती क्षेत्रमा घर्ती जातिको बाक्लो बस्ती वितरित छ । (वैद्य, २०५८)

ऐतिहासिक अध्येता खोजकर्ता अन्वेषकको भनाइ अनुसार र जनश्रुर्तिको अध्ययनमा प्राचीनकालमा ढोरपाटन वरपर भुजेलका पुर्खाको भूजि राज्यको अतित्व पाइन्छ । खासगरी भोजपत्रमा त्यस बेलाका राजाले आफ्नो राजकाजमा आवश्यक लेखापढी गर्ने भएकाले भूजे राजा र राज्यलाई भूजि भनियो त्यस राज्यमा बस्ने बासिन्दा पछि भुजेल भनेर चिनिए (भुजेल र तामाङ, २०५८)

भोजपत्रका वन प्रशस्त हुनाले त्यस क्षेत्रलाई भूजि त्यहाँको खोलालाई भूजिखोला र तिनताका मानिसहरूले भोजपत्रका बोक्राको कपडा बनाएर लगाउने गर्दथे । त्यसैले भोजपत्रका लुगा लगाउने जातिलाई भुजेल भनेर चिनियो । खासमा तक र शेरा हुँदै

ढोरपाटन (भूजि) उपत्यकामा फैलिएका घर्ती जाति नै भुजेलमा परिणत भएका हुन् । (पन्त, २०५३)

भुजेल जातिका पुर्खा कैलाश निकटको मुञ्जान्द्रीबाट बसाइ सरेर आई ढोरपाटन क्षेत्रमा आवाद गरेको कुरा उल्लेख गरेका छन् । त्यसो त घर्ती भुजेलका पुर्खाहरू उत्तर दिशाबाट आएका हुन् भन्ने तर्कलाई पुष्टि गर्न भुजेल खाम भाषालाई लिन सकिन्छ । वर्तमानमा पनि धौलागिरी तथा राप्ती अञ्चलतिर बसोबास गर्ने घर्ती तथा भुजेलहरूले भोट बर्मेली भाषा परिवार अन्तर्गतको खाम भाषा बोल्दछन् । तनहुँ, गोरखा, चितवन जिल्लामा बस्ने भुजलले बोल्ने भाषा पनि यसै भाषा परिवार अन्तर्गत पर्दछ । चीनको खाम प्रदेशबाट घर्ती भुजेलका पुर्खा नेपाल प्रवेश गरेका हुन् । (पोखरेल, २०५५)

थापा, राना, कार्की, माभ्ी सहित घर्ती जातिका पुर्खा खसिया जाति भएको उल्लेख गरेका छन् । उनका अनुसार खसिया (खस) बाट घर्ती भएको र पुनः घर्ती जाति खस क्षेत्री घर्ती र भुजेलमा परिणत हुन पुगेको कुरा उल्लेख छ । (शर्मा, १९९७)

भुजेल जातिको उत्पत्ति सम्बन्धी वर्तमान भुजेल समुदायमा पनि भिन्दाभिन्दै धारणाहरू पाइन्छन् । यस जातिका केही समूहहरू जो अल्पसंख्यकको रूपमा ब्राहमण क्षेत्री बस्तीमा बसोबास गर्दछन् । उनीहरू आफ्ना पुर्खाहरू खस भएको जिकिर गर्दछन् । कतैकतै त आफूलाई क्षेत्री भनेर चिनाउन पनि पछि पर्दैनन केही समुह प्रचीन मगरात र बर्तमानमा पनि मगर बाहुल्य भएको स्थानमा बसोबास गरेका छन् । उनीहरू आफ्ना पुर्खा मगर भएको बताउँदछन् । (भुजेल, कान्तिपुर कोसेली, १२ भाद्र २०५६)

भुजेल जाति नेपालका विभिन्न आदिवासी जनजाति मध्येको एउटा जातीय समूह हो । यो जाति पनि विभिन्न थर, उपथर र पदमा विभाजित भएको पाइन्छ । यस जातिमा नेपालको इतिहासमा घटेका राजनैतिक घटनाक्रम ऐन, कानून धर्म जस्ता विभिन्न घटनाले थुप्रै विविधता र उप थरबारे विश्लेषण गर्ने प्रयास गरिएको छ । नेपालका प्राय जसो सबै भु-भागमा यस जातिको जनसंख्या छरिएकोले प्रशस्त विविधताहरू पाइन्छ । यहाँ समय साधनको अभावले सबै ठाउँका भुजेलको थर र उप थर संकलन गरी उल्लेख गर्न भने सकिएको छैन ।

कुनै जातिको थर, पद, उपथर आदि त्यस जातिको मूल पुरूष कार्य गुण बसोबास स्थल आदिको आधारमा भएको पाइन्छ । वर्णाश्रम विभाजनमा पनि कामहरू विभाजन भएको पाइन्छ । खास गरी भुजेल जातिको थर उपथरको नामाकरण पनि ठाउँ र मुल

पुरूषको आधारमानै राखिएको पाइन्छ । यस जाति अन्तर्गत घर्ती, भुजेल, खवास, निसेल थरहरू र यस अन्तर्गत पनि विभिन्न उपथरहरू पाइन्छन् । सिंजाको नाम बाट सिंजापति घर्ती पदकोटका परे घर्ती, मसगाउँमा बस्ने मसाल घर्ती, कवाली सुदहरे धापहरे घर्ती ठाउँ पुर्खा तथा घट्ना क्रमको आधारमा कहलाएको देखिन्छ । (भुजेल अमृतासि,२००५)

धैराने, निम्बर, अस्टुम, रोक्का मुल पुरूषको आधारमा विकास भएका उपथर हुन् । यस्तै कान्छिङमा, जेठीपरे, कान्छोक्या आदि पदहरू वैवाहिक सम्बन्धका आधारमा राखिएका हुन् । बसाइसराइ तथा देशका विभिन्न घटनाक्रमका कारण पनि भुजेल जातिमा खवास पारे घर्ती तथा शिवभक्ति आदि पदहरू थपिन पुगेको पाइन्छ । भुजेल जातिभित्र थुप्रै उपथर खलक र गोत्रहरू भएको पाइन्छ । वर्तमानमा पनि खस आर्यहरू भन्दा फरक स्थानमा परम्परागत भाषा धर्म संस्कृति अपनाएर बसिरहेका घर्तीहरू गोत्र मान्दैनन् । बरू उनीहरू कुल मान्छन् उनीरू गोत्रको सट्टा थर उपथर हुन्छन् । खस आर्यसँगको सम्पर्कमा बसेका भुजेलहरू आफ्नो थर उपथर बताउँदैनन् बरू गोत्र बताउछन् । उनीहरूले हिन्दू धर्म अनुसारका धार्मिक क्रियाकलाप सञ्चालन गर्ने गोत्र आवश्यक परेकाले पहिचान लिएका हुन् । (भुजेल अमृतासि,२००५)

यस जाति अन्तर्गत निम्न थर उपथर पाइन्छ भनी अमृतासी थैन भुजेलको -भुजेल जाति र सामाजिक साँस्कृतिक जीवन पद्दती भन्ने पुस्तकमा उल्लेख छ ।

## २.४ भुजेल जातिका थर र उपथरहरु

**क) घर्ती:**

| | | | |
|---|---|---|---|
| मसाल | द्यौपहरे | अर्घुली/अर्घौली | दर्लामी |
| कवाली | कालीकोट्य/कालीकोटे | अत्रासे | गलामी |
| सुतपहरे | सिंजापति | वईमा | रामज्याली |
| वन्ज्याली | भोम्पाल | छन्तेल/छन्त्याल | रान्गु/रेगु |
| भन्टा | वुलामी | दगामी | पूर्जा |
| गमल | हुन्ज्याली | लाम्छाने/लामिछाने | रावल |
| गरबुजा | काग्जा | मचाल/मसाल | रिजाल |
| गिअल | काउचा | मसराडगी | सालमी |
| वाले | काला | पहरे/पहरिया | समे |

| | | | |
|---|---|---|---|
| रोका रोकाहा | राङ्खानी | पारे | सरबुजा |
| पामा | केन्गो | पाजा | सारू |
| फुङ्गा | कोन्सा | फगामी | तालाजी |
| पहाडे/पहाडीया | थेरे/थेरे | फुकान | सेन/स्यान |
| उलाङ्गे/उलोड | टिर्के/टिर्गे | सिसिक | सिन्ज्याली |
| सवाङ्गी | तिरूकिया | सुरारी | थैन |
| डाँडाली | | | |

**ख) भुजेल :**

| | | | |
|---|---|---|---|
| महिसपरे | निम्मर | सिम्ले/हारूला | बगाले |
| मदनथोकी | साउथोकी | सुब्जा | मनपऱ्याल |
| कड्याल | अष्टमु | बुढाथोकी | उमोरा |
| सम्मेली | धैताने | अर्गेजा | मसाल |
| थुसिरोङ्ग | ओनकपरे/ओनथापा | शिवभक्ति | झर्रा |
| पोखऱ्याली | वलिक्परे/बलि थापा | रग्थके | कान्छोक्या |
| दाउलाडी | गोलोकग्लाम/गोस्कोल्हाम्या | ब्राचुडे/ब्राचुडग्या | खस्रुड्या |
| मानपुडे/मानपुडया | कालीकोट्या/कालीकोटे | याउराङ्गी | गोलामे |
| माँथोक्या | कान्छिडया/कान्टिपऱ्या | परथुङ्गे | लामिछाने |

**ग) निसेलः**

| | | |
|---|---|---|
| कान्छीपरे | घातान | पाखादेरा |
| बगाले | साउपटी | मसाले |
| रोक्का | कत्लेबुढा | ओखरवोटे |
| साउथोकी | पुन, उमोरा | राक्सेबुढा |
| जेठीपरे | | |

**घ) खवासः**

| | |
|---|---|
| खन | खावा |
| खुवा | खाण |

(भुजेल अमृतासि, २००५)

# अध्याय : तीन

# अनुसन्धान पद्धति

यस खण्डमा शोधपत्रको अनुसंन्धानमा प्रयोग गरिएका विधिको वारेमा उल्लेख गरिएको छ । अनुसन्धानमा आवश्यक गुणात्मक र संख्यात्मक तथ्याङ्कका साथै आवश्यक सूचना संकलन गर्न विभिन्न विधिहरु अपनाइएको छ । यस खण्डमा शोधपत्रको अध्ययन क्षेत्रको छनोटको औचित्यता, अनुसन्धान ढाँचा, तथ्याङ्कको प्रकृति र स्रोतहरु, तथ्याङ्क संङकलन विधिहरु, तथ्याङ्कको विश्लेषण र प्रश्तुतीकरण प्रस्तुत गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको छनोट

नेपालको गण्डकी अञ्चलको स्याङ्जा जिल्लको सदरमुकाम पुतलीवजार देखि पश्चिमतर्फ अवस्थित अतिनै रमणीय सुन्दर गा.वि.स. फापरथुम गा.वि.स.को वडा नं १,३ र ६ मा लामो समयदेखि भुजेल (घर्ती) जातिको वसोवास रही आएको पाईन्छ । यिनीहरु याँहा अल्पसङख्यामा रहेका छन् र न्यून सुविधायुक्त जाति अन्तरगत पर्दछन् । उनीहरुको आर्थिक सामाजिक साँस्कृतिक अवस्था लगायत जीवनपद्धति, उनीहरुको आवश्यकता, क्षमता र समस्या अन्य जातिको भन्दा पृथक छ । यो जातिसंग सम्वन्धित रहेर उनीहरुको सामाजिक साँस्कृतिक अवस्था तथा अन्य जातिहरुसंगको अन्तरसम्वन्ध कस्तो छ भनी गरिएका अध्ययनहरु नितान्त कम छन् । तसर्थ उनीहरुको अन्य जात जातिका मानिसहरुसँग समाजमा घुलमिल भै रहेर आफ्ना जातीय पहिचानहरुलाई के कस्तो हदसम्म कायम राख्न सकेका छन् भन्ने विषयमा यो अध्ययन केन्द्रित रहने हुनाले यो विषय र अध्ययन क्षेत्र औचित्यपूर्ण छ । कहिल्यै प्राथमिकताको सूचिमा नपरेका वजेलमा रहेको एउटा वर्ग राज्यको दृष्टिमा पर्न नसकेको घर्ती जातिको यो अध्ययनले सरोकारवालालाई घचघच्चाउने छ भन्ने विश्वासका साथ यो अध्ययन क्षेत्रको छनोट गरिएको छ ।

## ३.२. अनुसन्धान ढाँचा

अध्ययन क्षेत्रका घर्ती जातिको सामाजिक सास्कृतिक अवस्था तथा अन्य जातिहरुसंग रहेको अन्तरसम्वन्धको वारेका विस्तृत विवरण लिनको लागि वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ भने यिनीहरुको भाषा ऐतिहासिक विकासक्रमको वारेमा अध्ययन गर्न अन्वेषणात्मक अनुसंन्धान ढाँचाको प्रयोग गरिएको छ । घर्ती समुदायका सामाजिक ईकाईहरु धर्म, विवाह, चाडपर्व, प्रथा, चलन, सन्तुलित सामाजिक व्यवस्थाका लागि कसरी काम गरिरहेका छन भन्ने विषयमा आंशिक रुपमा प्रकार्यात्मक अनुसंन्धान ढाँचाको प्रयोग गरिएको छ ।

### ३.३ नमूना छनौट

यो अनुसंन्धानमा स्याङ्जा जिल्ला फापरथुम गा.वि.स. लाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको छ । फापरथुम गा.वि.स.मा बसोबास गर्ने घर्ती समुदायका घरमूलीलाई उत्तरदाताको रुपमा लिइएको छ । यहाँ घर्ती जातिका जम्मा ४९ घरधुरी रहेका छन् । ४९ घरधुरीलाई समग्र मानी प्रत्येक घरधुरीबाट १ जनाको अनुपातमा अनुसन्धानको लागि पात्र प्रतिनिधिको रुपमा छनौट गरिएको छ । एकभन्दा बढी व्यक्ति अन्तरवार्ता दिन इच्छुक देखिएमा उनीहरुको कुराहरु समेत समेट्ने प्रयास गरिएको छ ।

### ३.४ तथ्याङ्कको प्रकृति र स्रोतहरु

यस अध्ययनमा प्राथमिक तथा द्वितीय दुवै प्रकारका तथ्याङ्कको उपयोग गरिएको छ । प्राथमिक तथ्याङ्क र अध्ययन क्षेत्रसँग सम्वन्धित प्राय जानकारी अध्ययन क्षेत्रबाटनै सङ्कलन गरिएको. छ । ती तथ्याङ्कहरुका साथै महत्वपूर्ण जानकारीहरु भुजेल जातिको घरमूलीबाट लिइएको छ । यसका अतिरिक्त द्वितीय तथ्याङ्क संकलनको लागि विभिन्न पुस्तकालय, भुजेल जाति तथा अन्य जातिसँग सम्वन्धित प्रकाशित तथा अप्रकाशित लेख रचना सम्बन्धित अन्य पुस्तकहरुका साथै फापरथुम गा.वि.स.को कार्यालयको समेत उपयोग गरिएको छ । यीनै प्राप्त तथ्याङ्कका आधारमा व्याख्या विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलन गर्दा अध्ययनसँग सम्बन्धित प्रायः जानकारी अध्ययन क्षेत्रबाट संकलन गरिएको छ । गुणात्मक र संख्यात्मक तथ्याङ्कहरूको सहयोगबाट नै अध्ययनकार्य उपलब्धिमूलक हुने हुँदा यस शोधकार्यमा अन्तवार्ता अनुसूची र सहभागी अबलोकन पद्धतीलाई अपनाइएको छ ।

### ३.५ तथ्याङ्क संकलनका विधिहरु

अध्ययन कार्यमा मुख्यतया प्राथमिक तथ्याङ्कको आधार लिइएको छ । निम्न विधिद्धारा तथ्याङ्क संकलन गर्दा विविध पद्धती अपनाएर गरिएको छ ।

#### क) प्रश्नावली

भुजेल जातिको सामाजिक साँस्कृतिक अवस्थासँग रहेर संरचित प्रश्नावली तयार गरी अध्ययन क्षेत्रमा गइएको थियो । संगठन विधि अपनाएर एक पछि अर्को गरी प्रत्येक घरमूलीलाई भेटेर अन्तर्वार्ता लिइएको थियो । घरमुलीको अनुपस्थितीमा सम्बन्धित घरधुरीको दोस्रो जिम्मेवार व्यक्तिबाट आवश्यक जानकारी सङ्कलन गरिएको थियो । यस क्रममा आवश्यक संख्यात्मक

सूचना/तथ्याङ्क जस्तै पारिवारिक संरचना, संख्या, शिक्षा, पेशा, विवाह आदि सम्बन्धी सूचनाहरू संकलन गरिएको थियो । त्यसरी नै भाषा, धर्म, कृषि उत्पादन जस्ता विषयसँग सम्बन्धित सूचना प्रश्नावलीको माध्यमबाट सङ्कलन गरिएको थियो ।

**ख) अवलोकन**

सबै खाले सूचना प्रश्नावलीबाट नसमेटिने हुनाले सम्बन्धित क्षेत्रमा नै अवलोकन गरेर पनि सूचनाहरू संकलन गर्नु अत्यन्त आवश्यक हुन्छ । प्रस्तुत अध्ययनमा सूचना संकलनका अन्य तरिकासँगै अवलोकन विधि पनि अपनाइएको छ । घर्ती बस्ती वरपरको प्राकृतिक बनोट विकास निर्माण बस्तीको किसिम भुजेलको शारीरिक संरचना गर-गहना रीतिरिवाज जस्ता क्रियाकलापको अबलोकन विधिद्वारा सूचना संकलन तथा आंकलन गरिएको छ ।

**ग) मुख्य सूचनादातासँग अर्न्तवार्ता**

समाजको जान्ने बुझ्ने जस्तैः मुखिया, राजनैतिक कार्यकर्ता, शिक्षक भद्र भलादमी आदि व्यक्तिहरू जोसँग सम्बन्धित समाजका विविध ज्ञान हुन्छ त्यस्ता व्यक्ति मुख्य सूचनादाता हुने यस शोध अध्ययनमा पनि भुजेल समाजका केहि जेष्ठ व्यक्तिहरू र अन्य समाजका गन्य-मान्य व्यक्तिहरू जोसँग यस जातिको संस्कार रीतिरिवाज आदिबारे जानकारी छ, उहाँहरूसँग जानकारी लिने प्रयास गरिएको छ ।

**घ) स्थलगत रिपोर्ट**

यो एक किसिमको निदृष्ट योजना नबनाई सूचना संकलन गर्ने तरिका हो । कार्य क्षेत्र अध्ययनका क्रममा अवलोकन गरिएका तथा महत्वपूर्ण घटना, क्षण र छलफलबाट प्राप्त सूचना डायरी/कापीमा टिपोट गरी संरक्षित प्रश्नावलीबाट प्राप्त सूचनालाई थप पुष्टी गर्ने गरी प्रस्तुत शोधपत्रमा उपयोग गरिएको छ । कतिपय विवरणहरूमा पक्षपातपूर्ण स्थिति रहने र अन्य सामाजिक, साँस्कृतिक प्रभाव, हिनता जस्ता अवस्थाले सत्यतथ्य सूचना नआउन पनि सक्ने भएकाले सम्भव भएसम्म समाजसँग सम्बन्धित स्रोत उपयोग गरी स्थलगत रिपोर्ट तयार गरिएको थियो ।

### ३.६ द्वितीय तथ्याङ्क

यस अध्ययनलाई पूर्ण र गहन बनाउनका लागि आवश्यक द्वितीय सूचना स्रोत उपयोग गरिएको छ । भुजेल जातिको मानव जातिय इतिहास साँस्कृतिक पक्ष माथि प्रकाश पार्ने सापेक्ष द्वितीय स्रोतबाट सूचनाहरू लिइएको छ । तथ्याङ्क विभागबाट प्रकाशित जनगणना, नापी विभागबाट प्रकाशित नक्सा, गा.वि.स.को सूचना, विभिन्न पत्रपत्रिकामा प्रकाशित घर्ती जाति सम्बन्धी जानकारी जस्ता स्रोतको उपयोग गरिएको छ ।

त्यसैगरी विभिन्न पुस्तक प्रतिवेदन भुजेल सेवा समाजद्वारा प्रकाशित तथा संकलित सूचनाहरू जर्नलहरूमा संकलित सूचनाहरू पनि यस अध्ययनमा प्रयोग भएका छन् ।

### ३.७ सूचना विश्लेषणको तरिका

संकलित तथ्याङ्कको विश्लेषणले अध्ययनको वास्तविकता थाहा पाउन सकिन्छ भने प्रस्तुतिकरणले अध्ययनको नतिजालाई सरलीकृत ढङ्गले बुझ्न मद्दत गर्दछ । तसर्थ स्थलगत कार्यबाट संकलन गरिएका तथ्याङ्कलाई प्रशोधन गरी संगठित र बर्गीकृत गरिएको छ । संख्यात्मक र गुणात्मक तथ्याङ्कको छुट्टाछुट्टै विश्लेषण गरिएको छ । विश्लेषीत तथ्याङ्कलाई आबस्यकता अनुसार वर्णनात्मक व्याख्या गरी निचोड निकालिएको छ । साथै तथ्याङ्कले दिन खोजेको वास्तविकता वा निस्कर्षलाई छिटो छरितो र सजिलो ढङ्गले बुझ्न सकियोस् भनी तालिका स्तम्भ चित्र, वृत चित्र तथा समाजशास्त्रीय ढङ्गले समेत व्याख्या गरिएको छ । जसवाट निस्कर्ष निकालिएको छ ।

### ३.८ पूर्व परिक्षण

घर्ती जातिको सामाजिक, साँस्कृतिक अवस्था पत्ता लगाउनको लागि बनाइएको प्रश्नावली अनुसूचीको गुणस्तरियताको सही मूल्याङ्कन गर्न स्याङ्जा जिल्ला फापरथुम गा.वि.स.का ५ जना घर्ती परिवार घरमूलीसँग अर्न्तवार्ता लिई पूर्व परिक्षणका लागि प्रश्नावली भरिएको थियो । उक्त प्रारम्भिक परिक्षण पछि प्रश्नमा रहेको जटिलता, असान्दर्भिकता, उत्तरको आसय एउटै आउनेगरी दोहोरिएका प्रश्नलाई काट्छाँट गरी प्रश्नावलीलाई सरलीकृत, गुणस्तरीय एवं भरपर्दो र विश्वासनीय वनाइएको थियो ।

अध्याय : चार

# अध्ययन क्षेत्रको सामाजिक आर्थिक अवस्था

## ४.१ अध्ययन क्षेत्रको परिचय

यस अध्ययनमा स्याङ्जा जिल्लाको सामान्य परिचयका साथै अध्ययन क्षेत्रको परिचय दिने प्रयास गरिएको छ । नेपाल क्षेत्रफलको हिसाबले सानो भए पनि उचाईगत विविधताले भौगोलिक, सामाजिक र साँस्कृतिक भिन्नता ल्याइदिएको छ । विषयवस्तुको तुलनात्मक बोधको लागि अध्ययन क्षेत्रको भौगोलिक अवस्था, हावापानी, बसोबास आदिको बारेमा जानकारी दिने प्रयास गरिएको छ । प्रस्तुत अध्ययनको केन्द्रविन्दु फापरथुम गा.वि.स. पश्चिम नेपालको पहाडी जिल्ला स्याङ्जाको उत्तर पश्चिममा अवस्थित छ ।

### ४.१.१ गाउँ विकास समितिको सामान्य परिचय

फापरथुम गाउँ विकास समिति नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चल, स्याङ्जा जिल्लामा पर्दछ ।  यसको पूर्वमा पुतलीबजार नगरपालिका, चिलाउनेबास, पञ्चमूल गा.वि.स. उत्तरमा सेतीदोभान र दक्षिणमा सतौं दरौं गा.वि.स. र पुतलीबजार नगरपालिका पर्दछ । यस गा.वि.स.को स्थापना २०४७ सालमा भएको हो । प्रकृति सीमाना पूर्वमा चिसापानीको खोल्सी, पश्चिम सम्धिखोला गाउँ जाने ठाडो बाटो, उत्तरमा आँधीखोला, दक्षिणमा खर्सुको पानी ढिलो सतौं रजस्थल एवं दरौं पर्दछन् ।

### ४.१.२ भौगोलिक अवस्थिति

फापरथुम गा.वि.स. एक पहाडी क्षेत्र हो । यहाँ खोंच, कन्दरा, खोला खोल्सी टारी, बेंसी, समतल फाँटको अलवा थुम्की, डाँडा, मैदान, भिर, पाखा दक्षिण तर्फ पर्छ भने उत्तर तर्फ केही मैदान समथर भू-भाग पर्दछ । यस गा.वि.स.को उचाई समुद्री सतहदेखि ७८० मि. देखि २२०० मिटरसम्म रहेको छ । यो ८३$^{\circ}$ १३' देखि ८४$^{\circ}$ ४६' पूर्वी देशान्तर र २७$^{\circ}$ ५२' देखि २८$^{\circ}$ १३' उत्तरी अक्षांश भित्र पर्दछ । यस गा.वि.स.को क्षेत्रफल ९५४.७१४५ हेक्टर (१८७५६-११-२-० रोपनी) छ । निर्वाचन क्षेत्र नं. १ र ईलाका नं. ७ मा पर्ने यस आफ्नै धर्म, संस्कार, रीतिरिवाज, भाषाभाषी, चालचलन र संस्कृति रहेको छ ।

### ४.१.३ जनसंख्या, जातजाति र धर्म

| | | |
|---|---|---|
| **गा.वि.स.मा कूल जनसंख्या** | : | ४२३६ |
| पुरुष | : | २१४५ |
| महिला | : | २०९१ |

ब्राह्मण ५०%, क्षेत्री ७.९०%, ठकुरी २%, गुरूङ्ग १३%, कामी १३%, राना ०.०९%, घर्ती ७%, दमै ७%, सार्की ०.०१% मा विभाजन रहेका यी विभिन्न जातजातिहरू परापूर्व कालदेखि आ-आफू आपसी सौहार्द्रता र मित्रता कायम राखी बसोबास गर्दै आएका नेपाली भाषा मातृ भाषाको रुपमा सबैले बोल्ने गर्दछन् । धर्म मुख्य हिन्दू नै मान्दछन् । आ-आफ्नो जातीय दृष्टिकोणले धार्मिक सहिष्णुता तथा विविधता पाइन्छ । केही बौद्ध धर्मालम्बीहरू छन् भने अधिकांस बाहुल्य ढकालहरूको रहेको छ ।

### ४.१.४ फापरथुम गा.वि.स मा भुजेलको बसोबास रहेका वडाहरु १, ३ र ६को परिचय

वडा नं १ मा गाउँ बस्ती, संधीखोला, शेर, कोरम डाँडा, ढकाल डाँडा, तल्लो उपल्लो छाप, स्यानाखोला, भस्मे, विमिरबोट, पाथ्रा, चिही जस्ता स्थानीय नामले परिचित ठाउँ छन् भने वडा नं. ३ मा दाद्रा, चिलाउने खर्क, पँधेरीपारी, पैरा सालिमेडाँडा, लामडाँडा गरी ६ गाउँ समेटिएको छ । वडा नं. ६. अर्न्तगत  स्वाँरा, थुम्की, काहुले, लोहासे, बिसौनी, फापरथुम र आरूखोला पर्दछन् यहाँका बासिन्दाहरूको जात थर ढकाल, बस्नेत, क्षेत्री, शाही, पराजुली, घर्ती, सार्की, सापकोटा र दमै आदि रहेका छन् ।

**तालिका नं ४.१**

**फापरथुम गा.वि.स.को उमेरगत आधारमा भुजेल जातिको जनसंख्याको विवरण**

| उमेर समूह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ५ वर्ष मुनिको | ६ | १३ | २९ |
| ५-१० वर्ष | १२ | १४ | २६ |
| १०-२० वर्ष | २९ | ३२ | ६१ |
| २०-३० वर्ष | ३४ | २९ | ६३ |
| ३०-४० वर्ष | २४ | १६ | ५० |
| ४०-५० वर्ष | १४ | १९ | ३३ |
| ५०-६० वर्ष | ११ | १० | २१ |
| ६० माथि | ५ | १० | १५ |

*स्रोतः स्थलगत अध्ययन, २०६९*

## ४.२. पारिवारिक सम्बन्ध र संगठन

मानव समाजको प्रारम्भिक इकाई परिवार हो । परिवार विना समाजको अस्थित्व र निरन्तरता सम्भव छैन । कुनै जातिको सामाजिक साँस्कृतिक अवस्थाको बारेमा जान्नको लागि सबैभन्दा पहिले त्यस जातिको परिवारबारे अध्ययन गर्न आवश्यक पर्दछ ।

भुजेल समाजमा परिवारको अध्ययन गर्दा एकात्मक तथा संयुक्त परिवार गरी दुई भागमा वर्गिकरण गरिएको पाइन्छ । भुजेलहरू पहिले-पहिले संयुक्त परिवारमा बस्दै आएका भए पनि हाल आएर एकल परिवारमा पनि बस्दै आएका छन् । भुजेलहरू अत्यन्तै सोझा र मिलनसार भएका हुनाले लामो समयसम्म संयुक्त परिवारमा नै बसेको पाइन्छ । भौतिक सम्पत्तिहरू जग्गा, जमिन, सुनचाँदी जस्ता धातुहरू तथा नगद मात्रात्मक रूपमा कम हुँदा यीनीहरू अन्य पेशामा लाग्ने हुँदा लामो समयसम्म संयुक्त परिवारमा रहने गरेका थिए तर अन्य समाजको प्रभाव, आधुनिकीकरणसँगै आएको पेशागत परिवर्तन आदिले गर्दा यिनीहरू एकल परिवारमा बढी बस्दै आएको अध्ययन क्षेत्रमा देखिन्छ । जसलाई तालिका नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२**

**भुजेल जातिको परिवार सम्बन्धी विवरण**


| परिवार | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| एकल | ३२ | ६५.३० |
| संयुक्त | १७ | ३४.७० |
| जम्मा | ४९ | १०० |

***स्रोतः स्थलगत अध्ययन, २०६९***

उक्त तालिका अनुसार फापरथुम गा.वि.स.का जम्मा ४९ वटा घर्ती जातिका घरहरू मध्ये ३२ घरहरू (६५.३० %) एकल परिवारअन्तर्गत रहेको पाइयो भने १७ घरहरू (३४.७०%) संयुक्त परिवारअन्तर्गत रहेको पाइयो । एकल परिवारअन्तर्गत रहे पनि उनीहरू आफ्नो छुट्टिएको परिवार प्रति तथा आमा, बाबु, हजुरबुबा, हजुरआमा प्रति तथा दाजुभाइहरूसँग पनि बढी सहिष्णुता भएको पाइयो । जसलाई तल स्तम्भ चित्रद्वारा अझ स्पष्ट पारिएको छ ।

**चित्र नं. ४.१**

**भुजेल जातिको परिवार सम्बन्धी विवरण**




भुजेल परिवारमा महिलाले पनि पुरूष समान नै स्वतन्त्रता पाएको पाइन्छ । परिवारमा बुहारी र छोरी बीचमा खासै भेदभाव नभएको पाइयो । बुहारीलाई सासुले दबाउने प्रकृति यस जातिमा अत्यन्तै कम पाइयो जसले गर्दा संयुक्त परिवारमा पनि सासु

बुहारी लामो समयसम्म मिलेर बसेको पाइयो । समाजमा महिला स्वतन्त्र देखिए पनि यो समाज पितृसत्तात्मक समाज र घरमूलीको रुपमा पुरुष नै रहेको पाइयो । कुनै-कुनै परिवारमाा पुरुषको अभावमा महिलाले नै घरमूलीको रुपमा काम गरेकी हुन्छिन् ।

परिवारमा मूली हजुरबुबा नै हुन्छन् । यदि उनी काम गर्न सक्षम नभएमा  बाबु र त्यसपछि जेठो छोराले घरको मूलीको रुपमा काम गरेको पाइयो । प्रत्येक कामको निर्णयमा महिलाहरूको पनि उत्तिकै भूमिका रहेको पाइयो । परिवारमा आफूभन्दा ठूलालाई मान्ने गरिन्छ । सानोलाई पनि आदर गर्ने प्रचलन यस जातिमा छ । साइनोमा सानो पर्नेले ठूलो पर्नेलाई पहिले ढोग वा आदर गर्ने गरेको पाइयो ।

भुजेल समाजमा कामको स्पष्ट विभाजन महिला र पुरुषबीच छुट्टाइएको पाइदैन । प्रायः घरदेखि बाहिरी काममा लोग्ने मान्छेहरू संलग्न भएको पाइन्छ । गाईवस्तुको स्याहार सुसार लोग्ने मानिसहरूले नै गर्ने गर्दछन् । खेतिपाती तथा घाँसपातमा पनि लगभग समान रूपले सहभागिता पाइन्छ । घर भित्रको काम आमा र उनी नसक्ने भएमाा जेठी बुहारीलाई सुम्पिने गरिन्छ । अन्य घरसम्बन्धी कामको बाँडफाँड पनि सासुबाट नै हुन्छ । सामान्यतया अर्मपर्म तथा मेलापात छोराछोरी बुहारी हिड्ने गर्दछन् । अध्ययन क्षेत्रमा हाल अन्य वैदेशिक रोजगारमा बढी यूवा पुरूष सङ्लग्न रहेको पाइयो र महिलाहरू आपसमा बढी अर्मपर्म गरेको पाइयो ।

भुजेलहरूको भान्सा सामान्य नै रहेको पाइयो । अध्ययन क्षेत्रमा खासै चुल्हो चौको वा छुट्टै भान्साघरको निर्माण गरिएको पाइएन । खाना सबैजना एकैपटक मझेरीमा बसेर खाने गरेको पाइयो । श्रीमान्ले नखाई श्रीमतीले खान नहुने परम्परा यस जातिमा दखिएन बरू अन्य जातिहरू ब्राह्मण क्षेत्रीको प्रभावले बिस्तारै यो परम्परा हुकर्न लागेको देखियो । पाहुनालाई भने यस जातिमा पहिले नै खानदिने प्रचलन रहेको छ । नुहाएर धोती फेरी खानुपर्ने चलन यस जातिमा देखिएन । भात भान्सा फरक जातकी बुहारीलाई भने कतै-कतै सँगै संलग्न नगरेको पनि पाइयो । यो समाजमा छुट्टिने बेलामा अंशबण्डा गर्दा कचहरी राखी भद्रभलाद्मीहरूले गर्ने गरको पाइयो ।

भुजेल समाजमा पनि पारिवारीक नाता सम्बन्ध अन्य समाजमा जस्तै तीन तहमा विभाजित भएको पाइयो । जन्मनासाथ बाँधिएको रगतको नाता, जुन बाबुआमा, छोराछोरी आदि र विवाह पछिको नाता र मैत्री सम्बन्ध वा मितेरी नाता यिनीहरूले मितेरी नातालाई पनि समान महत्व दिने गरेको पाइयो ।

भुजेल समुदायमा पनि मीत लगाउने प्रचलन समेत देख्न सकिन्छ । भुजेल र भुजेल वाहेक अन्य जातिहरूसँग पनि यिनीहरू विधि पुऱ्याएर मितेरी सम्वन्ध जोड्ने गरेको पाइन्छ । यसरी मीत लगाइसकेपछि मीत लगाइएका परिवारका सबै सदस्यहरूको बीचमा मिलावटको व्यवहार गर्ने गरिन्छ । जस-जसको बीचमा मीत लगाइएको हो उनीहरू मीत-मीत र महिलाहरू मितिनी भन्ने गर्दछन् । यो रक्त सम्बन्ध र वैवाहिक सम्बन्धको नाता भन्दा छुट्टै किसिमको र फरक शैलीको नाता सम्बन्ध हुने गर्दछ ।

## ४.३ आर्थिक अवस्था

गाँस, बास, कपास जस्ता अनिवार्य र प्राथमिक समस्याले मानिसको जीवनमा प्रभाव पारिरहेको छ । यी आधारभूत आवश्यकीय वस्तु पूरागर्ने साधन अर्थ हो । जसको अभावमा जीवनमा सामान्य कुराहरूदेखि लिएर आवश्यकीय हरेक कुरा पूरा गर्न सकिदैन । जस्तै खान लाउन, बास बनाउन, शिक्षा आर्जन गर्न, औषधी उपचार गर्न र परिवार माथि आउने अनेकौ समस्या समाधान गर्न । जसको निम्ति अर्थको आवश्यकता पर्दछ । आर्थिक क्रियाकलापले नै सामाजिक साँस्कृतिक शैक्षिक औद्योगिक र वैज्ञानिक जस्ता विभिन्न क्षेत्रमा प्रभाव पारेको हुन्छ । आर्थिक रुपले सम्पन्न भएको व्यक्ति र समाजले नै उन्नति गर्न सक्दछ । त्यस्तै हरेक समुदाय वा जातिको आर्थिक अवस्थालाई हावापानी भौगोलिक वनावट, त्यहाँको वातावरण, सामाजिक, साँस्कृतिक, राजनैतिक अवस्था र त्यहाँको सरकारी नीति आदिले प्रभाव पार्दछ । आर्थिक कारणले मानिस आफ्नो जन्म ठाउँ छाडेर देश विदेश भौतारिन बाध्य हुन्छ । सिमित ठाउँमा गुजारा गरिरहेको एउटा मानव आर्थिक कारणले नै संसारका हरेक कुनाकाप्चा चहार्न पुग्दछ । फलस्वरूप हावापानी र वातावरणको प्रभावले अर्को जाति र वंशमा परिणत भएको कुरा इतिहासले पुष्टि गरिसकेको छ । यसरी हेर्दा मानव सभ्यतालाई पनि बढी आर्थिक प्रभावले सताएको छ । कि उ त्यसबाट उम्कन सक्दैन बरु आर्थिक जीवनलाई सुधार गर्न विविध पेशा व्यवसाय सञ्चालन गर्दछ ।

विश्व आजको जस्तो जटिल शुरुमा थिएन । एक ठाउँको सीप प्रविधि वा उत्पादन अर्को ठाउँको मानिसले प्रयोग गर्न सक्दैनथे । फलस्वरूप आफ्नो आवश्यकता एउटै समाज वा समूहबाट पूरा गर्नु पर्दथ्यो । जसको निम्ति श्रम विभाजन थियो तर भावी पुस्ताले यही श्रम विभाजनलाई मात्र पच्छ्याएर आफ्नो जीवन धान्न सक्ने अवस्था थिएन तसर्थ उनीहरू जीविकोपार्जनको निम्ति विविध पेशा अपनाउन बाध्य भए ।

### ४.३.१ घरको किसिम

यस गा.वि.स.का प्राय घरहरू जस्ताको छाना रहेका छन् । केही घरहरू ढुङ्गाको छाना र खरको छाना पनि रहेका छन् । यस गा.वि.स. मा ढलान घरको संख्या नगन्य रहेको छ भने निर्माण हुने क्रमका घरहरू भने ढलान गर्ने प्रचलन रहेको छ । यहाँका भुजेल जातिको घरहरू पनि प्राय त्यस्तै छन्, जसलाई ५.२ नं. को तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.३**

**फापरथुम गा.वि.स.का भुजेल जातिको घरको विवरण**

| घरको किसिम | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|
| कच्ची १ तले खरको छानो | ६ | १२.२४ |
| कच्ची २ तले खरको छानो | ३ | ६.१२ |
| कच्ची १ तले टिनको छानो | २२ | ४४.९० |
| कच्ची २ तले टिनको छानो | १६ | ३२.६५ |
| ढलान | - | - |
| ढुङ्गाको छाना | २ | ४.०८ |
| जम्मा | ४९ | १०० |

*स्रोतः स्थलगत अध्ययन, २०६९ वैशाख*

घरको छानाको प्रकारले परिवारको आर्थिक स्थितिको वास्तविक चित्रण नगरे पनि सम्पन्नताको मोटामोटी आंकलन भने गर्न सकिन्छ । यस अध्ययन क्षेत्रका घर्ती जातिका घरहरू प्रायः जस्ताको छाना रहेका छन् जुन ३८ को संख्या छ भने जम्मा ९ घरहरू खरको छाना भएका छन् । अध्ययन क्षेत्रका घर्तीको परिवार संख्या ४९ मध्ये कुनै पनि घर ढलान रहका छैनन् भने जम्मा २ घरको छानो ढुङ्गाका रहेका छन् ।

### ४.३.२ भुजेल जातिको पेशा

घर्ती भुजेल जातिले स्थान अनुसार विभिन्न पेशा अपनाएको पाइए पनि मूल रूपमा यिनीहरूको पेशा कृषि नै हो । तर पनि यिनीहरूले बुन्ने पेशालाई पनि महत्व दिने गरेका छन् । अध्ययन क्षेत्रका भुजेलहरू कृषि कार्यको अतिरिक्त पशुपालन, व्यापार, वैदेशिक रोजगार आदिमा संलग्न रहेका पाइन्छन् । ज्याला मजदुरी तथा भारी बोक्ने मानिसहरु पनि

अध्ययन क्षेत्रमा भेटिए । तालिका नं. ५.३ ले अध्ययन क्षेत्रका परिवारको रोजगारीमा संलग्न विवरणलाई देखाउँदछ ।

**तालिका नं. ४.४**

**फापरथुम गा.वि.स.का भुजेल जातिको रोजगार सम्बन्धी विवरण**


| विवरण | परिवारसंख्या | प्रतिशत |
|---|---|---|
| कृषि -खेती पशुपालन) | ४७ | ९५.९१% |
| व्यापार | ३ | ६.१२% |
| जागिरे | २३ | ४६.९३% |
| ज्याला मजदुरी | ७ | १४२८% |
| उद्योग | १ | २.०४% |

*स्रोतः स्थलगत अध्ययन, २०६९*

यस तालिकाबाट अध्ययन क्षेत्रमा रहेका ४९ घर परिवार मध्ये ४७ घर परिवार कृषि खेती तथा पशुपालनमा लागेको देखियो भने जम्मा परिवार व्यापारमा संलग्न देखियो । २३ परिवार स्वेदश तथा विदेशमा गरी विभिन्न सरकारी सेवामा रहेको देखियो भने ७ परिवार ज्याला मजदुरीमा संलग्न देखियो । १ परिवारले उद्योग संचालन गरेको देखियो । जसलाई तलको स्तम्भ चित्रद्वारा पनि स्पष्ट पारिएको छ ।

**चित्र नं. ४.२**

**फापरथुम गा.वि.स.का भुजेल जातिको रोजगार सम्बन्धी विवरण**



### (क) वैदेशिक रोजगार

विश्व जति-जति विकसित हुँदै गयो उति-उति जटिल बन्दै छ । नयाँ-नयाँ प्रविधि सीपको प्रयोग उपयोगले जनजीवन सहज र सरल त बन्दै गएको छ । तर त्यसको पहुँचसम्म पुग्न आवश्यक पर्ने अर्थ सबैभन्दा अपरिहार्य विषय भएको छ । मानिसले अर्थ उपार्जनको निम्ति विश्वलाई एउटा गाउँको रूपमा प्रयोग गर्न थालेका छन् । फापरथुम गा.वि.स.का अन्य जातिहरू जस्तै घर्ती जाति पनि आर्थिक उपार्जनको निम्ति वैदेशिक रोजगारमा संलग्न रहेका छन् । जसको विवरण ५.४ नं. को तालिकाले पुष्टि गर्दछ ।

**तालिका नं. ४.५**

**फापरथुम गा.वि.स.को भुजेल जातिका वैदेशिक रोजगारमा संलग्न परिवारको विवरण**


| देशको नाम | संलग्न परिवार संख्या | जम्मा % |
|---|---|---|
| भारत | ७ | १४.२८% |
| खाडी राष्ट्र (साउदी अरव, कतार, दुवइ, बहराइन) | १९ | ३८.७७% |
| मलेसीया | ६ | १२.२४% |
| अन्य | २ | ४.०८% |
| जम्मा | ३४ | ६९.३८% |

***स्रोत: स्थलगत अध्ययन, २०६९***

यस तालिकाबाट जम्मा ७ घर परिवारबाट वैदेशिक रोजगारमा भारत गएका छन् । खाडी राष्ट्र साउदी अरव, कतार दुवै ,बहराइनमा १९ परिवार, मलेसीयामा ६ परिवार, अन्य राष्ट्रमा २ परिवार र जम्मा अध्ययन क्षेत्रका ४९ परिवार मध्य ३४ परिवार वैदेशिक रोजगारमा संलग्न रहेका छन् । जुन ६९.३८% हुन आउँछ । जसलाई तलको वृत्त चित्रमा देखाइएको छ ।

**चित्र नं. ४.३**

**फापरथुम गा.वि.स.को भुजेल जातिका वैदेशिक रोजगारमा संलग्न परिवारको विवरण**




**(ख) पशुपालन**

कुनै पनि जातिको लागि आदिम (पहिलो प्रथम) पेशाको रूपमा रहेको पशुपालन कृषिको विकाससँगै कृषिको अभिन्न अंगको रूपमा रहँदै आएको छ । किसानहरू पशुपालनलाई कृषिको महत्वपूर्ण पक्ष पन मान्दै आएका छन् । ठूला तथा स-साना सबै किसानहरूलाई पशुपालनको महत्व हुने हुँदा यी दुई पेशा एक अर्काका परिपुरक हुन् । समग्र फापरथुम गा.वि.स. पनि पशुपालनको निमित्त उपयुक्त स्थान मानिन्छ । तसर्थ अन्य समुदायका मानिसहरुले झै यस समुदायका मानिसहरूले पनि वस्तुभाउ पाल्नेमा ध्यान दिएका छन् । तर ज्ञान तथा तालिमको अभावले पशुपालन व्यवसायिक नभई केवल घरमा बस्ने महिला केटाकेटीले केही काम पाउने र मल हुन्छ भन्ने हेतुले पाल्नेको संख्या बढी देखिन्छ । भुजेल जातिले आर्जेका जमिनहरू पनि तुलनात्मक दृष्टिकोणबाट कमसल वा कम उत्पादकत्व भएको देखिएको छ । त्यसैले गर्दा पनि त्यसको प्रत्यक्ष असर पशुपालनमा देखिन्छ । आफ्नो खेतबारीमा डालेघाँस लगाउने, भैँसी बाख्राको संख्या बढाउने गर्दछन् भने खेतीको निम्ति गोरू पनि पाल्ने गरेका छन् । धेरै जसो घरमा कुखुरा पालेको भेटियो भने गाई पाल्ने चाहि यो जातिमा खासै देखिएन यस जातिले पालेका वस्तुभाउको विरण तालिका नं. ५.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.६**

**फापरथुम गा.वि.स.का भुजेल जातिको पशुपक्षी सम्बन्धी विवरण**

| पशुपंक्षी | परिवारसंख्या | प्रतिशत |
|---|---|---|
| गाई | २ | ४.०८ |
| गोरू | २४ | ४८.९८ |
| भैसी | ४१ | ८३.६७ |
| बाखा | २७ | ५५.१० |
| कुखुरा | ३९ | ७९.५९ |
| हाँस | ७ | १४.२० |

*स्रोतः स्थलगत अध्ययन, २०६९*

उक्त तालिका अनुसार ४९ घर मध्ये ४१ घरले भैंसी २७ घरले बाखा, ३९ घरले कुखुरा, २४ घरले गोरू र ७ घरले हाँस पालेको भेटियो । कतिपयले अन्य समुदायका मानिसहरूका बाखा तथा भैंसी अधियाँ पाल्ने गरेको पनि भेटियो । कुनै पनि पशुपक्षी नपालेको घर भने एउटा पनि भेटिएन ।

### ४.३.३ खद्यान्न उत्पादनको स्थिति

जुनसुकै जाति वा समुदाय जुनसुकै पेशासँग सवन्धित भए पनि खाद्यान्न प्राणी मात्रको आधारभूत तत्व हो । फापरथुम गा.वि.स.का भुजेलहरूको आर्थिक अवस्था कमजोर नै रहेको देखिन्छ । यिनीहरूको खाद्यान्नको उत्पादन पनि आवश्यक मात्रामा नरहेको पाइयो । बाह्रै महिना आफ्नो खेतबारीमा काम गर्दा पनि यिनीहरूलाई खान पुग्ने गरी होइन ताकि ६ महिना पुग्ने अन्न उत्पादन गर्न पनि धौ धौ देखियो । फापरथुम गा वि स को खाद्यान्नको विवरण तलको तालिका द्धारा देखाईएको छ ।

**तालिका नं. ४.७ फापरथुम गा.वि.स.का**

**भुजेलहरूको खाद्यान्नको उत्पादनको स्थिति मुरी मा**


| घर संख्या | जनसंख्या | धान | मकै | कोदो | गहुँ | जम्मा |
|---|---|---|---|---|---|---|
| ४९ | २९८ | २५७ | १८४ | १५९ | ३१ | ६३१ |

*स्रोतः स्थलगत अध्ययन, २०६९*

उक्त तालिकाबाट फापरथुम गा.वि.स.का भुजेल जातिले उत्पादन गरेको खाद्यान्न मुख्य बालीको उत्पादनको अवस्था देखाइएको छ । जहाँ बढी धान, मकै र कोदो उत्पादन गरेको छ भने गहु पनि उत्पादन हुने गर्दछ । आलु तथा दालहरू र तेलहन बाली पनि घर्तीहरूले लगाउने गरेका छन् । सबै खाद्यान्न मिलाएर प्रतिव्याक्ति २.११ मुरी रहेको अध्ययनले देखाउँछ । यसैबाट वस्तुभाउलाई कुँडो, गोरूलाई कोदो गर्दा धेरै कम मात्रा प्रतिव्यक्ति पर्न आउँछ । (विनोद कुमार ठाकुर २०५६) का अनुसार नेपालको पहाडी जनताको सन्दर्भमा प्रतिव्यक्ति वार्षिक खाद्यान्न २४४.५५ केजी आवश्यक पर्दछ । जसको अनुपातमा यो गा.वि.स.का घर्तीको खाद्यान्न वितरण आधाभन्दा निकै कम रहेको पाइयो । जसलाई अझ स्पष्ट पार्नका लागि तल वृत्त चित्र पनि प्रस्तुत गरिएको छ ।

**चित्र नं. ४.४**

**भुजेलहरूको खाद्यान्नको उत्पादनको स्थिती मुरी मा**




कृषि उत्पादनबाट उनीहरू कति महिना खान पुराउछन भन्ने कुरा तालिका नं. ५.७ बाट देख्न सकिन्छ ।

**तालिका नं. ४.८**

**फापरथुम गा.वि.स.का भुजेल जातिको खाद्यान्न पहुँचको स्थिति**

| **खाद्यान्न पुग्ने स्थिति महिनामा** | **परिवार संख्या** | **प्रतिशत** |
|---|---|---|
| आफ्नो उत्पादनबाट १२ महिना खान पुग्ने | ५ | १०.२० |
| आफ्नो उत्पादनबाट९महिना बढी सम्म खान पुग्ने | ४ | ८.१६ |
| आफ्नो उत्पादनबाट ६देखि ९ महिनासम्म | ११ | २२.४४ |
| आफ्नो उत्पादनबाट ३ देखी ६महिना सम्म | २० | ४०.८१ |
| आफ्नो उत्पादनबाट ३ महिनासम्म वा कम पुग्ने | ९ | १८.३६ |

***स्रोत: स्थलगत अध्ययन, २०६९***

अध्ययन वाट मात्र ५ घर परिवारलाई आफ्नो कृषि उत्पादनवाट वर्षभरी खान पुग्ने, ९ महिनाभन्दा वढी ४ परिवारलाई पुग्ने, ६ देखि ९ महिनासम्म ११ परिवारलाई र ३ देखि ६ महिना, २० परिवारलाई र ९ परिवारलाई ३ महिनाभन्दा कम मात्र आफ्नो उत्पादनले खान पुगेको देखियो ।

### ४.३.४ वार्षिक आयको विवरण

भुजेल जाति अत्यन्तै सोझा र मिलनसार जाति हुन यिनिहरु प्रमुख रुपमा खेती तथा पशुपालनमा वढी लागेका छन् । समयअनुसार जीविकोपार्जनको निमित्त यो जातिले स्वदेशी तथा विदेशी सैनिक सेवा निजामति, अन्य पेशा व्यापार पनि गर्ने गरेका छन् । फापरथुम गा.वि.स.का घर्तीहरू पनि यसबाट अछुतो रहन सकेका छैनन् । उनीहरू पनि कृषि तथा पशुपालनको अलवा व्यापार व्यवसाय आदिमा लाग्ने तथा जागिर तथा वैदेशिक रोजगारमा लाग्ने गरेका छन् । जसबाट उनीहरूले आफ्नो गुजारा चलाउने गरेका छन् । स्थलगत अध्ययनका आधारमा फापरथुम गा.वि.स.का घर्ती जातिको वार्षिक आय निम्नानुसार तालिका नं. ५.९ मा देखाइएको छ ।

**तालिका नं.४.९**

**फापरथुम गा.वि.स.का भुजेल परिवारको वार्षिक आयस्तर ।**

| आयस्तर | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| वार्षिक २५ हजार सम्म | ५ | १०.२० |
| वार्षिक २५ देखि ५० हजार सम्म | ३ | ६.१२ |
| वार्षिक ५० देखि ७५ हजार सम्म | ३ | ६.१२ |
| वार्षिक ७५ हजार देखि १ लाख | १३ | २६.५३ |
| वार्षिक १लाख देखि १लाख ५० हजार | १० | २०.४० |
| वार्षिक १लाख ५० हजार भन्दा माथि | १५ | ३०.६१ |

***स्रोत: स्थलगत अध्ययन २०६९***

माथिको तालिकाबाट भुजेल जातिको आयस्तरको बारेमा प्रष्ट हुन्छ । जसअनुसार १५ परिवार मात्र वार्षिक १ लाख ५० हजार भन्दा बढी वार्षिक आम्दानी गर्ने अध्ययनमा देखियो ।

## ४.४ मानव संशाधनको अवस्था

आजको युग विज्ञान तथा प्रविधिको युग हो । कुनै पनि मानिसलाई आफ्नो जीवन सम्मान जनक रुपबाट यापन गर्नको लागि शिक्षा, सीप तथा प्रविधिको आवश्यकता पर्न जान्छ । मानिस जन्मदैमा सबै कुरा जानेर आएको हुदैन उसले विस्तार-विस्तार यस समाज र समुदायमा रहेका विभिन्न संस्थाहरुबाट सिक्दै जान्छ । जसको निम्ति शिक्षा महत्वपूर्ण विषय हो । शिक्षाले मानिसलाई समाजमा सहज ढंङ्ले बाच्न सक्ने अवस्थाको सिर्जना गराउँदछ । नेपालको शिक्षा प्रणालीमा यो विषयवस्तुको कमि महशुस सबै तिर भइरहेको छ । सरकार विभिन्न तालिम तथा सीप प्रदान गरेर दक्ष जनशक्ति उत्पादन गर्ने रणनीति लिन पनि सकेको छैन । केही संस्थाहरुले दक्ष जनशक्तिको निम्ति विभिन्न सीपमुलक तालिमहरु दिने गरेका छन् । त्यस गा.वि.स.मा यस्ता तालिमहरुमा घर्ती जातिको पहुँच त्यति हुन सकेको देखिँदैन । शैक्षिक रुपले अत्यन्तै सम्पन्न फापरथुम गा.वि.स.मा यस जातिको शैक्षिक स्तर भने अत्यन्तै न्युन देखिएको छ । घर्ती जातिको शैक्षिक अवस्थालाई तालिका नं. ५.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१०**

**फापरथुम गा.वि.स.का भुजेल जातिको शैीक्षक अवस्था**

| शैक्षिक स्तर | पुरूष | महिला | जम्मा |
|---|---|---|---|
| निराक्षर | १३ | २३ | ३६ |
| साक्षर | २२ | १८ | ४० |
| ५ कक्षा ५ सम्म | ३१ | ३४ | ६५ |
| १० कक्षा सम्म | ३० | ३७ | ६७ |
| एस.एल.सी.सम्म | २० | १२ | ३२ |
| प्रमाणपत्र तह | ६ | ४ | १० |
| स्नातक तह वा सो भन्दा माथि | ३ | ३ | ६ |

***स्रोत: स्थलगत अध्ययन, २०६९***

माथिको तालिकाले यो जातिमा शिक्षाको स्तर अत्यन्तै न्यून भएको देखाउँछ। नेपाल सरकारले सबै जनतालाई साक्षर बनाउने भनेर विभिन्न परियोजना संचालन गरेको भए पनि यहाँ ठूलो संख्यामा निरक्षर व्यक्तिहरु भएको पाइयो। सबै जसो घरमा स्कुल जाने उमेरका बालबालिका स्कुल गएको पाइयो भने अपाङ्ग बालबालिकाहरुलाई शिक्षाको व्यवस्था गर्न पहल गरेको भने पाइएन। ६ वर्ष देखिका मानिसहरुको विश्लेषण गर्दा जम्मा ३६ जना निरक्षर, ४० जना साक्षर मात्र, ६५ जना ५ कक्षासम्म पढेर छाडेका र पढ्दै गरेका १०कक्षा सम्म पढ्दै गरेका र छाडेका ६७ जना, एस.एल.सी. सम्म पढेका ३२ जना, प्रमाण पत्र तह सम्म पास गरेका १० जना र स्नातक तह वा सो भन्दा माथि पास गरेका जम्मा ६ जना यस समुदायमा भेटियो।

फापरथुम गा.वि.स. हरेक क्षेत्रबाट अग्रपङक्तिमा  रहेको गा.वि.स. हो। यहाँको शैक्षिक स्तर देखि प्राविधिक सीपयुक्त जनशक्ति पनि प्रशस्तै रहेको छ  तर यहाँका भुजेल जातिहरू हरेक दृष्टिकोणबाट पछाडि परेका छन्। विभिन्न संघ संस्थाले सञ्चालन गरेका व्यवसायिक सीपमूलक तालिम लिने घर्ती जातिको विवरण तालिका नं. ५.१० देखाइएको छ।

**तालिका नं. ४.११**

**फापरथुम गा.वि.स.का भुजेल जातिको व्यवसायिक तालिम सम्बन्धी विवरण**

| तालिमको नाम | महिला | पुरूष | जम्मा |
|---|---|---|---|
| जेटी ए. | - | २ | २ |
| विद्युत जडान | - | ११ | ११ |
| कम्प्युटर | ७ | ८ | १५ |
| सिलाई बुनाई | १७ | - | १७ |

*स्रोत: स्थलगत अध्ययन, २०६९*

माथिको तालिकाले फापरथुम गा.वि.स.का भुजेल जातिको व्यवसायिक तालिमको विवरणलाई जनाउदछ । यहाँ जम्मा २ पुरूषहरू जे.टी. जे.टी.ए. तालिम लिएका ११ जना पुरूषले विद्युत जडान तालिम लिएका ७ जना महिला तथा ८ जना पुरूषले कम्प्युटर तालिम लिएका र १७ जना महिलाले सिलाई बुनाई सम्वन्धी तालिम लिएको अध्ययनको क्रममा देखियो ।

यस गा.वि.स.मा विभिन्न समयमा विभिन्न संस्थाहरूले जनचेतनामूलक तालिमहरू पनि सञ्चालन गर्ने गरेको पाइयो । यस्ता जनचेतनामूलक तालिमहरूमा पनि यस जातिको पहुच तथा उपस्थिति कमै मात्र देखियो । जसलाई ५.११ नं को तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.१२**

**फापरथुम गा.वि.स.का भुजेल जातिको जनचेतनामूलक तालिम सम्बन्धी विवरण**

| तालिमको नाम | महिला | पुरूष | जम्मा |
|---|---|---|---|
| स्वास्थ्य, परिवार नियोजन | - | १ | १ |
| सशक्तिकरण | १ | १ | २ |
| लैङ्गिक समविकास | १ | - | १ |
| संस्थागत नेतृत्व | १ | २ | ३ |
| खानेपानी सरसफाई | ३ | ३ | ६ |

*स्रोत: स्थलगत अध्ययन, २०६९*

माथिको तालिकाले स्वास्थ्य परिवार नियोजन सम्बन्धी जनचेतना मूलक तालिम १ जना पुरूष, शशक्तिकरण १ जना महिला, १ जना पुरूष, लैङ्गिक समताविकास १ जना महिला संस्थागत नेतृत्व १ जना महिला २ जना पुरूष र खानेपानी तथा सरसफाई ३ जना महिला र ३ जना पुरूषले तालिम लिएको पाइयो ।

## ४.५ स्वास्थ्य स्थिति

कुनै पनि समुदायको सामाजिक अवस्थामा स्वास्थ्यले गम्भीर भूमिका निर्वाह गरेको हुन्छ । उचित स्वास्थ्य सेवा प्राप्त गर्न पाउनु नेपालको संविधानले नै व्यवस्था गरेका मौलिक हक हो । फापरथुम गा.वि.स.का मानिसहरूको स्वास्थ्यमा पहुँच राम्रै छ तर पनि घर्ती समुदायको मानिसको स्वास्थ्यमा पहुँच त्यति राम्रो छैन । केही अगाडि सम्म अस्पताल भन्दा धामी झाँक्रीमा बढी विश्वास गर्ने भए पनि हाल आएर अस्पताल तथा स्वास्थ्य चौकी तर्फ धाउनेको संख्या प्रर्याप्त नै रहेको छ । गाउँको नजिकै नै स्वास्थ्य चौकी रहेको र स्याङ्जा जिल्ला अस्पताल पनि ७-८ कि.मि. को दुरीमा नै रहेकोले स्वास्थ्य सम्बन्धी चेतना पछिल्ला दिनहरूमा बढी नै रहेको पाइयो । स्वास्थ्यसँग सम्बन्धित विभिन्न विषयहरू यहाँ चर्चा गरिन्छ ।

### ४.५.१ शौचालय

शौचालय मानिसको प्राथमिक आवश्यकता हो । यो मानव स्वस्थ्यसँग पनि गम्भीर रूपबाट जोडिएको हुन्छ । शौचालयको व्यवस्था नहुँदा र जतातत‌ै दिशा र पिसाब गर्दा वातावरण तथा स्वास्थ्यमा नकरात्मक असर पर्न जान्छ । फापरथुम गा.वि.स. मा धेरैजसो को घरमा शौचालयको व्यवस्था छ र केही विश्वकर्मा जाति र केही वडा नं. ३ अन्तर्गतका केही भुजेल परिवारमा शौचालयको व्यवस्था नभएको देखियो । जसमा भुजेल जातिको शैचालयको विवरण तलको तालिकामा देखाईएको छ । जसलाई तलको स्तम्भ चित्रद्वारा अझ स्पष्ट पारिएको छ ।

**तालिका नं. ४.१३**


**फापरथुम गा.वि.स.का भुजेल जातिको शौचालय सम्बन्धी विवरण**

| शौचालयको किसिम | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| कच्ची | १८ | ३६.७३ |
| पक्की र सेफ्टी टेङ्की भएको | १४ | २८.५७ |
| अस्थाई | १२ | २४.५० |
| निर्माण नभएको | ५ | १०.२४ |

***स्रोतः स्थलगत अध्ययन, २०६९***

चित्र नं. ४.५

फापरथुम गा.वि.स.का भुजेल जातिको शौचालय सम्बन्धी विवरण




### ४.५.२ खाना पकाउने इन्धन र चुल्हो

ग्रामीण समाजमा खाना पकाउने इन्धनको रूपमा दाउराको प्रयोग बढी गरिएको हुन्छ । जसबाट वनजंगलको विनाश भै वातावरणमा असर पुग्दछ भने अर्कोतर्फ दाउराबाट उत्पन्न हुने धुवाको कारण मानव स्वास्थ्यमा समेत गम्भीर असर पुग्न जान्छ । फापरथुम गा.वि.स.का घर्ती जातिको पनि इन्धनको प्रमुख स्रोत भनेको दाउरा नै हो । कतिपय घरमा दाउराको अतिरिक्त अन्य इन्धनको साधनहरू प्रयोग गर्ने गरेको अध्ययनबाट देखियो । फापरथुम गा.वि.स.का घर्तीको खाना पकाउने इन्धन सम्बन्धी विवरण तालिका नं. ५.१३ मा देखाइएको छ ।

तालिका नं. ४.१४

फापरथुम गा.वि.स.का भुजेल जातिको खाना पकाउने इन्धनसम्बन्धी विवरण

| इन्धन विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| दाउरा | ३४ | ६९.३८ |
| गोवरग्याँस | ७ | १४.२८ |
| मट्टीतेल | - | - |
| एल.पी. ग्याँस | ५ | १०.२० |
| विद्युत | ३ | ६.१२ |

*स्रोत: स्थलगत अध्ययन, २०६९*

तालिकामा दाउरा बाल्ने परिवार ३४ देखाइए पनि सबै ४९ घरमा नै दाउरा को प्रयोग हुन्छ । ७ घरमा गोबरग्याँस छ भने ५ घरमा एल.पी. ग्याँस र ३ घरमा हिटर समेतको प्रयोग गरेको अध्ययनमा देखियो । फापरथुम गा.वि.स.का घर्ती जातिले विभिन्न किसिमका चुल्होको प्रयोग गरेको पाइयो जसको विवरण तलको तालिकामा देखिन्छ ।

**तालिका नं ४.१५**

**फापरथुम गा.वि.स.का भुजेल जातिको चुल्होको विवरण**

| चुल्होको विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| अगेना वा माटोको चुल्हो | ३२ | ६५.३० |
| धुवा रहति चुल्हो | ९ | १८.३६ |
| भुसे चुल्हो | - | - |
| ग्याँस चुल्हो | ५ | १०.२० |
| हिटर | ३ | ६.१२ |

***स्रोतः स्थलगत अध्ययन, २०६९***

यसरी धुवा रहित चुल्हो जुन ग्रामीण क्षेत्रमा अत्यावश्यक देखिन्छ त्यो चुल्हो मात्र ९ घरमा मात्र प्रयोग गरेको देखियो भने ३२ घर परिवारमा परम्परागत अगेनो नै देखियो । जम्मा ५ घरमा एल.पी. ग्याँस र ३ घरमा हिटर प्रयोग गरेको देखियो ।

**४.५.३ परिवार नियोजन**

ग्रामीण समाजको सबैभन्दा ठूलो समस्या जनसंख्या वृद्धि हो । आम्दानीको स्रोत न्यून र परिवार संख्या धेरै हुनुको कारण नै आधारभूत आवश्यकता परिपूर्ति गर्न समेत धौ धौ परिरहेको अवस्था छ । जसका छोरा उसको धन भन्ने उखानले पछ्याइरहेका र अहिले आएर सो धारणामा परिवर्तन आएको भए पनि परिवार नियोजन प्रति यो जनजातिका मानिस पूर्ण रूपमा सकारात्मक हुन सकेको देखिएन । जसलाई तलको तालिकामा प्रस्तुत गरिन्छ ।

**तालिका नं ४.१६**

**फापरथुम गा.वि.स.का भुजेल जातिको परिवार नियोजन सम्वन्धी धारणा**

| विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| स्थायी नियोजन गर्नुपर्छ | १७ | ३४.६९ |
| अस्थायी नियोजन गर्नुपर्छ | २२ | ४४.९० |
| गर्नुहुँदैन | ३ | ६.१२ |
| थाहा छैन | ७ | १४.२८ |

***स्रोतः स्थलगत अध्ययन, २०६९ वैशाख***

यसरी यस जातिको परिवार नियोजन सम्बन्धी विवरण प्रस्तुत गरिएको छ । जसमा परिवार नियोजनप्रति सकरात्मक सोंच नै रहेको मान्नु पर्दछ ।

# अध्याय : पाँच

# भुजेल जातिको धार्मिक तथा  साँस्कृतिक अवस्था

मानव समाजका विभिन्न रीतिरिवाज, परम्परा विश्वास  र आफूलाई बाँच्नको लागि चाहिने आवश्यक वस्तुको सृजना मानिसले नै गरेको कुराको उल्लेख गर्दै मानिसले एउटा सामाजिक प्राणीको रूपमा समााजमा सृजना गरेको वा स्थापित गरेका विभिन्न किसिमका समष्टिगत वस्तुहरू नै संस्कृति हो । देश समाज र जातिहरूमा रहेको चालचलन रीतिरिवाज, भेषभूषा, आमोदप्रमोद, शिल्प, व्यवसाय, धार्मिक मान्यता, भाषा एवं साहित्य मानसिक चिन्तनको उपजको समष्टी नै त्यस देश समाज वा जातिको संस्कृति हो (आचार्य, २०५४) ।

संस्कृति त्यस्तो समष्टिगता जटिलता हो जसमा ज्ञान, विज्ञान, कला, नैतिकता, कानून, प्रथा त्यस्तै कुराहरू संलग्न हुन्छन् जसलाई समुदायको सदस्यको हैसियतले मानिसले आर्जन गरेको हुन्छ । यस परिभाषाले मानिसले मानिसकै नाताले सिक्ने, र आर्जन गर्ने समष्टिगत पक्षलाई संस्कृति भनिएको छ । (परिभाषा ई. वि. टेलर)

आफ्नै किसिमको जीवनशैलीलाई झल्काउने धार्मिक तथा सामाजिक मूल्य र मान्यताहरूको सामूहिक नाम नै संस्कृति हो । संस्कृतिले नै कुनै पनि समाजमा त्यस जातिको वास्तविक पहिचान प्रस्तुत गर्न सक्दछ । जुन त्यस जाति समाज र समुदायको गर्वको विषय पनि हो । घर्ती जातिको समाजमा पनि तिनीहरूको जीवन पद्धति र जातीय विशिष्टता प्रकट गर्ने सांस्कृतिक रीतिथिस्ती र चालचलनहरू मध्ये कतिपय आफ्नै किसिमका छन् भने कतिपय अरू जातसँग मिल्दाजुल्दा छन् यस जातिको सांस्कृतिक पक्षहरूको अध्ययन क्रम यस प्रकार छन् ।

## ५.१. घर्ती जातिको भेषभुषा तथा गरगहना

भौगोलिक अवस्था र हावापानीले कुनै पनि जातजातिको भेषभुषामा गहिरो प्रभाव पारेको हुन्छ । भुजेल जाति भिन्दा भिन्दै भू-क्षेत्रमा वितरित भएकाले ठाउँ अनुसारको नै भेषभूषा अपनाएको पाइन्छ । यहाँका भुजेलहरू जो अघिल्ला पुस्तासम्मका छन्  तिनीहरूमा पुरूषहरू कछाड, भोटो, आसकोट, दौरा सरूवाल तथा टोपी लाउछन् भने आजकल युवाहरू सर्ट, पाइन्ट, जुत्ता, टोपी, ज्याकेट लाउँछन् । महिलाहरू गुन्युचोलो पटुका लगाउँछन् भने टाउकोमा पुर्लुक(मजेत्रो) बाध्ने गर्दछन् । मखमलको चोलो, घलेक, गुन्यु, हरियो पटुका र

कालो बुट्टे मझेत्रो भुजेल महिलाको परम्परागत पोशाक हो । आजकल युवतीहरू पेटीकोट लुङ्गी, टिसर्ट, ब्लाउज, कुर्ता सलवार, स्वइटर आदि लुगाहरू लगाउने गर्दछन् । गरगहनामा यहाँका महिलाहरू नाकमा फुली वा बुलाकी कानमा मुन्द्री लगाउने गर्दछन् भने जन्तर मुगाको मााला, सिक्रि, झोकवाला चुरी, कतली आदि पनि लगाइने चलन छ । नयाँ पुस्तामा भने गरगहना लगाउने चलनमा परिवर्तन आएको छ । उनीहरूले परम्परागत गहना लगाउन मन पराउँदैनन् । उनीहरूमा आधुनिक विकास र बाह्य समाजको सम्पर्कका कारण परिवर्तन देखिएको छ ।

## ५.२ घर्ती वा भुजेल भाषा र धर्म

हिमालयको काखमा रहेको एक सानो भू-भाग नेपाल एक बहुजाति, बहुसांस्कृतिक एवम् बहुभाषिक राष्ट्र हो । राष्ट्र भाषा नेपाली लगायत ९२ वटा भाषा मातृभाषा को रूपमा बोल्ने गरेको तथ्य २०५८को जनगणनाले देखाएको छ । ती मध्ये ७० भन्दा बढी भाषा नेपालका ५९ वटा वर्गमा विभाजन गरिएका विभिन्न जनजातिले बोल्दछन् । गुरूङको गुरूङ भाषा भए जस्तै भूजेल जातिको पनि आफ्नै भाषा छ । त्यस भाषालाई भूजेल भाषा भनी नामाकरण गरिएको छ । यो भोट बर्मेली परिवारअन्तर्गतको लोपोन्मुख भाषा हो । (भुजेल जागरण वर्ष १ अंक १, २०६२)

यसरी भुजेलको आफ्नै स्वतन्त्र भाषा रहेको भए तापनि भुजेलका आफ्नै समुदायमा पनि भुजेल भाषाको बारेमा जानकारीको कमै भएको पाइन्छ । भाषा एक सजीव वस्तु हो । यो जन्मन्छ, हुर्कन्छ, बढ्छ र प्रतिकूल परिस्थिति सृजना भएमा लोप पनि हुन्छ यस तथ्यलाई विश्वका विभिन्न भाषा लोप भएको स्थितिले पुष्टी गर्दछ ।

नेपालको कुल भूजेल जनसंख्याको १०.५५% जनसंख्याले भूजेल भाषा बोल्दछन् । (राष्ट्रिय जनगणना, २०५८) तनहूँको कुल भुजेल जनसंख्याको ५२% जनसंख्याले मात्र भूजेल भाषा बोल्दछन् । (रेग्मी, २०५६)

गोरखा र चितवनमा पनि भूजेलहरूले आफ्नै भाषा बोलेको पाइन्छ । भूजी निशी क्षेत्रमा बस्ने घर्ती भूजेलहरूले बोल्ने भाषालाई खाम भुजेल भन्ने गरिन्छ । नेपालको अन्य भू-भागमा बस्ने भूजेल जनसंख्याले नेपाली भाषालाई मातृभाषाको रूपमा अपनाइएको पाइन्छ । यो जातिले कतै वौद्ध तथा कतै हिन्दु धर्म मान्ने गरेको पाईएपनि अध्ययन क्षेत्रमा हिन्दु धर्मनै मान्ने गरेको पाईयो ।

## ५.३ चाड पर्वहरु

प्रत्येक समाजमा आ-आफ्नै रीतिरिवाज चालचलन र चाडपर्व हुन्छन् । तसर्थ समाज पिच्छे आ-आफ्नै तरिका अनुसार मानिसहरू चाडपर्व मनाउँछन् । चाड पर्व मनाउनुको उद्देश्य आ-आफ्नो इस्टमित्र, नातागोतासँग भेट गरी दुःख सुख भलाकुसारी गर्नु हो भने सँगसँगै आफ्ना देवी देवताको पूजा गर्नु पनि हो । काम गर्दा गर्दा थाकेको मन र शरीरलाई फुर्सद दिएर र सामाजिक परम्परा र अस्तित्वलाई कायम राख्नु पनि हो ।

हाम्रो देश नेपालमा अनगिन्ती चाडपर्वहरूले अनादिकालदेखि नै जरा गाडेको पाइन्छ । तसर्थ यहाँ बस्ने अधिकांश मानिसहरूले हिन्दू धर्म अनुसारका विभिन्न चाडपर्वहरू मनाउँछन् । फापरथुम गा.वि.स. का घर्तीहरूको आफ्नै जातिलाई चिनाउने खालका आफ्नै किसिमका चाडपर्वहरू रहेका छन् । उनीहरू विभिन्न चाडपर्वहरू जस्तै तिज दशै तिहार आदि वडो हर्षालासपूर्ण वातावरणमा भोज भतेर नाचगान गरी मनाउँछन् । केही चाडपर्व यस प्रकार छन् ।

### ५.३.१ चण्डी

चण्डी भुजेलहरूले निकै महत्वका साथ मनाउने गर्दछन् । यो चाडलाई चण्डीपूर्णिमा पनि भन्ने गर्दछन् । भने कसैले बैशाख पूर्णिमा पनि भन्ने गर्दछन् । बैशाख महिनाको पूर्णिमाका दिन सबै गाउँलेलाई पायक पर्ने कुनै स्थानमा चण्डीको थान बनइएको ठाउँमा धामीन पूजारीद्वारा नै चण्डी पूजा गर्ने चलन छ । यस ठाउँमा कुखुराको बली चढाउने चलन छ । कतिपय ठाउँमा परेवाको पनि बली चढाउने गरेको पाइयो । यसरी बली चढाउने मासु घरभित्र नहुली बाहिर नै पकाएर खाने गरिन्छ । कुल पूजा पनि त्यसै दिन गर्ने चलन रहेको छ । कुल पूजा भने घरभित्र नै गर्ने चलन छ । कुल पूजामा आ-आफ्नो तरिकाले बली दिन्छन् भने धुप मात्र दिँदा पनि हुन्छ । चण्डीमा सम्पूर्ण छोरीबेटी नाता कुटुम्बलाई निम्ता दिएर बोलाउने चलन छ । घर्तीहरू अत्यन्तै महत्व दिएर चण्डी मनाउने गरेको पाइयो ।

### ५.३.२ साउने सक्रान्ति

नेपाली समाजका विविध चाडपर्वहरू मध्ये साउने सक्रान्ति पनि एक हो । यो पर्व खास गरी पहाडी क्षेत्रका बासिन्दाहरूले लुतो फाल्ने दिनको रूपमा मनाउने र्गछन् । फापरथुम गा.वि.स.का भुजेलहरूले पनि यो पर्वलाई धुमधामका साथ मनाउने गरेको

पाइयो । दिउँसो खसी तथा बोका काट्ने र रातीमा लुतो फाल्ने गर्दछन् । लुतो फाल्ने दिनमा अगुल्टो सल्काएर केटा मान्छेले विभिन्न दिशा पारेर विभिन्न नाम पारी फालिन्छ । यसबाट लुतो, खटिरा रोग व्याधी आदि नआउने विश्वास गरिन्छ । त्यसदिनमा कुरिलो पानीसरा जस्ता जडीबुटीहरू समेत जम्मा गरी पूजा गर्ने चलन रहेको पाइयो ।

### ५.३.३ तीज

तीज हिन्दू नारीहरुको परम्परागत चाड हो । अध्ययन क्षेत्र फापरथुमका घर्तीहरु आफूलाई हिन्दू नै भएको बताउँदछन् । उनीहरु कतिपय ब्राह्मणका थरहरु (आचार्य, पौडेल) लेखाउन रुचाउँछन् भने कतिपय थापा, मल्ल थरहरु पनि राख्ने गरेको पाइयो । यिनीहरुले हिन्दू धर्म अनुसारका चाडपर्व आँखा चिम्लेर मान्ने गरेको पाइयो । तीजमा आफ्ना छोरीबेटी लिन जाने, सबै चेलीहरु जम्मा हुने, मिठोमिठो खाने राम्रा लुगाहरु लगाउने र तीजे गीत गाउँदै नाच्ने रमाइलो गर्ने गरेको अध्ययन क्षेत्रमा पाइयो । कतिपय नारीहरु ब्रतसमेत बस्ने गरेको पाइयो ।

### ५.३.४ बडा दशै

हिन्दूहरुको महान चाड वडादशैँ भूजेलहरुले पनि धुमधाम साथ मनाउने गरेको पाइयो । दशैमा भूजेलहरूले गक्ष अनुसार  खसी, बोका, कुखुरा काट्ने गरेको पाइयो । खास गरी काटमार  अष्टमीको दिनमा गर्ने चलन छ । दशमीको दिनमा दही चामल मुछेर टीका लगाउने, जमरा र पातीको फूल लगाउने गर्दछन् । आफू भन्दा मान्यको हातबाट टिका ग्रहण गरी प्रसाद तथा आशिर्वाद थाप्ने चलन रहेको छ । यस दिनमा टीका थाप्न इष्टमित्रको घर सम्म जाने चलन यस जातिमा रहेको पाइयो । यस पर्वमा सबैले मिठोमिठो खाने र सक्ने नसक्ने सबैले एकसरो नयाँ लुगा फेर्ने पर्ने मान्यता यस जातिमा रहेको छ ।

### ५.३.५ तिहार

फापरथुम गा.वि.स. का भुजेलहरूले तिहार पनि मनाउने गरेको पाइयो । तिहारमा चलीबेटीहरू रोटी, रक्सी, कुखुरा कोसेली लिएर आउने गर्दछन् । यसरी ल्याएको कोसेली बाँडी चुँडी खाने चलन छ । भाइटीकाको दिन दिदी वहिनी दाजुभाइलाई रङ्गी विरङ्गी टीका लगाइ दिने गर्दछन् भने दाजुभाईले चेलीबेटीको हातमा सकेको दक्षिणा दिने गर्दछन् ।

मिठोमिठो खाने राम्रो लुगा लगाउने सबै मिलेर भ्याउरे दोहोरी गीत गाउँदै देउसी भैली खेल्ने र पुरूषहरू जुवा, कौडा समेत खेल्ने गरेको पाइयो ।

### ५.३.६ माघेसक्रान्ति

भुजेल जातिमा माघे सक्रान्ति पनि मनाउने गरिन्छ । यस दिन नुवाइ धुवाई गरिन्छ । जसलाई सक्रान्ति नुहाउने पनि भनिन्छ । सक्रान्तिको अघिल्लो दिन तरूल खन्न वन जाने चलन छ । यस दिनको बली राजाले माटो माथि टाउकोमा नै तरुल फलाईदिन्छ भन्ने चलन छ  र यस दिन पनि दिनमा रमाइलो गरी नाचगान गर्ने चलन छ  ।

### ५.३.७ चैते दशै

चैते दशै पनि फापरथुम गा.वि.स.का घर्ती जनजीतहरूले अन्य जातिका मानिसहरूले झै मनाउने गर्दछन् । चैते दशैको अष्ठमीको दिन बोका, खसी, कुखुरा काटेर हर्षोल्लासपूर्वक मानिसहरू जम्मा भएर नाच गान गर्दै मनाउने गर्दछन् । नवमीको दिनमा टिका समेत लगाउने चलन छ । चैते दशैको दिनमा यिनीहरूको बस्ती नजिकै एउटा मेला समेत लाग्ने भएकोले यो चाडले फापरथुम गा.वि.स.का घर्तीहरूमा विशेष महत्व राख्दछ ।

## ५.४ पूजाआजा

भुजेल जातिमा धार्मिक कट्टरता पाइदैन । यिनीहरू प्रकृति पुजक र झाँक्रिवादमा विश्वास गर्ने जाति हुन् । धार्मिक कट्टरता नहुनु र ज्ञानको अभावमा यिनीहरूलाई सोध्दा यिनीहरू आफूलाई हिन्दूहरू अन्तर्गत राख्दछन् । यिनीहरू चण्डिपूर्णिमा र मंसीरको पूर्णिमाको दिन उँधौली र उँभौलीको पूजा गर्दछन् । गोठ, देवी, देउराली हिमाल, पर्वत, सिह, वायु, बराह, भूमे आदिको पूजा गर्ने चलन छ । यसरी पूजा गर्दा चलन चल्ती अनुसारका बोका, भेडा, कुखुरा, परेवा आदि काटेर भोग चढाउने चलन छ । कुनै कुनै देवतालाई धुप मात्र चढाउने चलन पनि छ । भुजेलले थानी भगेरलाई कुखुरा मात्र दिएर पूजा गर्दछन् । मंसीर पूर्णिमामा कूल पूजा गर्ने गरिन्छ । घर्तीहरू आइतबारको पूजा कुखुराको भोग चढाएर गर्ने गर्दछन् । यो पूजा गर्दा चिलाउनेको पातमा कोदोको रोटी पोलेर बासको धनुषकाण बनाएर थानमा राखेर पातीको लिङ्गो बनाएर लिङ्गो अगाडि ध्वजा झुण्डाएर गर्ने गरिन्छ । पूजा सकेपछि फर्कदा धनुषकाण मारेर फकर्ने गरिन्छ । बली दिएको मासु घर बाहिर नै पकाएर खाने चलन छ ।

## ५.५ भुजेल जातिका  संस्कारहरु

नेपाली समाजमा मानिस जन्मनु अगाडि देखि मृत्यु पछाडिसम्म विभिन्न संस्कारहरू गर्ने गरिएको पाइन्छ । यसरी नै घर्ती समाजमा पनि जन्मदेखि मृत्युपर्यन्त गरिने प्रमुख सामाजिक संस्कारहरू जन्म, छैटी, न्वारन, भातखुवाई, छेवर, नाक-कान छेड्ने, रजश्वला, विवाह, मृत्यु संस्कार आदि हुन् । उपर्युक्त संस्कारहरू वर्तमान समयमा पनि समाजमा प्रचलित छन् । तिनीहरूको विस्तृत जानकारी यस प्रकार छ ।

### ५.५.१ जन्म संस्कार

महिलाले गर्भवती भएको ९ महिना पाछ बच्चाको जन्म दिन्छन् र जसलाई नै जन्म मानिएको छ । यसरी बच्चाको जन्म हुनासाथ सर्वप्रथम जन्म संस्कार सुरू हुन्छ । भुजेल जातिका महिलाले गर्भधारण गरेपछि खासै बार्ने चलन छैन । तर सुत्केरी भै सकेपछि र सालनाल काटेपछि भने महिलालाई छुनु हुँदैन भन्ने मान्यता छ । सुत्केरी व्यथा लागेपछि गाउँमै अनुभवी महिलाहरूद्वारा सुत्केरी गराउने चलन रहे पनि हाल आएर स्वास्थ्य संस्था र अस्पताल पुऱ्याउने चलन बढेको छ । बच्चाको साललाई कुनै चोप आउने बोटमा झुण्डाइदिएमा आमाको दूध बढी आई बच्चालाई प्रशस्त दूध पुग्ने विश्वास गरिन्छ । हाल बच्चाको साल गाढ्ने पनि गरेको पाइयो । सुत्केरी भएको केही घण्टामा नै कुखुराको रगत र पोषिला कुरा सुत्केरीलाई खुवाउने चलन पनि रहेको पाइयो । सुत्केरीलाई घर भित्र चुल्हो नजिकै पारी (बुढो ओछ्यान मा) सुत्ने व्यवस्था पुरानो घरहरूमा मिलाइएको पाइयो ।

### ५.५.२  छैठी

कसैकसैले जन्मेको छैठौँ दिनमा भावी आएर बच्चाको भाग्य लेख्ने गर्दछ भन्ने धारणा राखेको पाइन्छ । यस दिनरात भरी नै घरको ढोका खुला राख्ने तथा बत्ती जलाउने र नाचगान पनि गर्ने गरेको यस समुदायमा पाइयो ।

### ५.५.३  न्वारान

भुजेल जातिमा बच्चा जन्मेको ३ दिनसम्म मात्र सुतक बार्ने चलन बढी घर्ती भएको घर्ती बस्तीमा रहेको छ । घर्ती जातिमा  झाँक्री वा जान्ने सुन्नेवाट नाम जुराउन लगाउने चलन छ । तर अध्ययन क्षेत्रमा भने ११ दिनसम्म सुत्केरीको रूपमा सुतक बार्ने ११ औं

दिनको दिन ब्राहमण बोलाई न्वारन गर्ने गरेको देखियो । न्वारनको दिन आमा वा बच्चा दुवैलाई नुहाइ धुवाइ गरेर ब्राहमणले वैदिक विधि अनुसार नै नाम जुराउने गरेको पाइयो ।

### ५.५.४ भातखुवाई

बच्चाको जन्म भएपछि छोराको ६ महिनामा र छोरीको ५ महिनामा अन्न खुवाउने गरिन्छ । यसलाई भात खुवाई भनिन्छ । राम्रो दिनबार पारेर छोरीचेली, आफन्त, छरछिमेक सबैलाई यस दिनमा निमन्त्रणा गरिन्छ । बच्चालाई नयाँ लुगा लगाइन्छ । सर्वप्रथम बच्चालाई कन्याले अन्न खुवाए पछि घरका अन्य सदस्य अनि उपस्थित पाहुनाहरूले खुवाउने चलन छ । खुवाइसकेपछि दक्षिणा पनि दिने चलन छ । यस दिनमा मासु अनिवार्य छ । आफन्त, मित्र, पाहुनालाई जाड-रक्सी, मासु-भात खुवाएर विदा गर्ने चलन यस जातिमा रहेको पाइयो ।

### ५.५.५ छेवर

छोरा जन्मेकोमा तीन वर्ष पुगेपछि छेवर गर्ने चलन रहेको छ । कसैले पाँच र ७ वर्षमा पनि छेवर गर्ने गरेको पाइन्छ । छेवरको लागि राम्रो दिनबार पार्नु पर्दछ । मामा, वा कुटुम्बले कपाल काटेर छेवर कार्य पूरा गर्ने गरिन्छ । यसरी कपाल काट्दा गोठमा गाइ बाँध्ने दाम्लोले घाँटीमा बाँधेर काट्ने चलन छ । कपाल काट्ने बेलामा भुइमा चरेसको थाल थाप्ने चलन छ । कपाल काटे पछि मामाले भान्जालाई नयाँ टोपी लगाइदिनुपर्दछ । काटिएको कपाल मामाले कतै लगी फाल्ने गर्दछन् । सेल रोटी पकाउने, खसी कुखुरा काट्ने, आफन्त तथा छरछिमेकलाई भोज खुवाई रमाइलो गर्ने समेत गरिन्छ ।

### ५.५.६ नाक कान छेड्ने

भुजेल महिलाहरू विभिन्न गरगहना लगाउने भएकोले नाक कान छेड्ने चलन छ । कसै कसैले न्वारनको दिन, भात खुवाइको दिनमा पनि नाक कान छेड्ने गरेको पाइयो भने कसैले कुनै राम्रो दिन हेराएर नभै चार पाँच वर्ष पुगेपछि वनको काँडा वा सुनारकोमा मुन्द्री बनाएर नाक कान छेड्ने गरेको पनि पाइयो ।

### ५.५.७ विवाह

महिला र पुरूषलाई पति र पत्नीको रूपमा समाजले मान्यता दिनको लागि निश्चित रीत पुराएर गरिने सामाजिक प्रक्रियालाई विवाह कर्म भनिन्छ । विवाह गृहस्थ जीवनको प्रवेश र समाजले मान्यता दिएको एउटा सामाजिक संस्कार हो । संसारका सबै जातिमा विवाह प्रथा पाइन्छ । विवाह संस्कार मानव समाजमा प्रचलित संस्कार मध्ये सबे भन्दा महत्वपूर्ण र आवश्यक संस्कार हो । विभिन्न ठाउँमा छरिएर रहेका तथा भौगोलिक र परिवेशीय कारणले गर्दा एउटै जातीय समुदायमा पनि परम्परा र संस्कारमा विभिन्नता हुन पुग्दछ । भुजेल जातिमा वैवाहिक रीत आफ्नै प्रकारको भए पनि स्थानगत विविधता भने पाइन्छ ।

भुजेल जातिमा खास गरी मागी विवाह, प्रेम विवाह वा भागी विवाह बढी प्रचलनमा पाइन्छ । कतैकतै जारी विवाह र विधवा विवाह पनि भएको पाइन्छ । प्रायः भुजेल जातिमा मामा फुपू चेलाचेली विवाह गर्ने चलन रहेको हुन्छ । विवाह गर्दा भुजेलहरू वंश अन्तर पारेर गर्ने गर्दछन् । एउटै पद र उपथर भित्र विवाह वर्जित छ । भूजेलहरू अत्यन्तै सोझा र सरल हुन्छन् । छिट्टै अर्को समुदायसँग घुलमिल हुनसक्ने र समान रूपमा अर्को सँस्कृति र संस्कारलाई पनि सम्मान गर्ने भएकोले आफ्नो जात बाहिरको विवाहलाई पनि उतिसारो वर्जित गरेको पाईएन । भूजेल केटाले अन्य जातको केटी, अन्य जातको केटाले भूजेल जातिको केटी विवाह गर्ने चलनले भूजेल जातिको मौलिकपनमा भने केही विचलन भएको र आउन सक्ने सम्भावना देखियो । अध्ययन क्षेत्रका भूजेल घर्ती जातिमा खास गरी दुई प्रकारका विहेनै बढी देखियो जसलाई तल चर्चा गरिन्छ ।

#### ५.५.७.१. मागी विवाह

भुजेल जातिमा केटाको विवाह गर्ने उमेर पुगे पछि आफू मिल्ने उपयुक्त केटीको खोजी गरिन्छ । केटी मिलेपछि वा कतै विवाह योग्य केटी भएको थाहा पाएपछि त्यस केटीलाई माग्न कुटुम्बलाई पठाइन्छ । यसरी पठाइएको मानिसले छलफल गरी कुरा टुङ्गो लगाउने चलन छ । यसरी कुरा टुङ्गो लागेपछि माइतीको माग अनुसार दिन तोकिन्छ र जन्ती लिएर गइन्छ । जन्ती सँगै अगाडी दहीको ठेकी लिएर जाने चलन छ । यसरी जन्ती माइतीको घरमा पुगेपछि सबैलाई एकै ठाउँमा जम्मा गराएर जन्ती पर्सने चलन छ । जन्ती पर्से पछि दुलाहालाई भित्र लगिन्छ र टिकाटाला गरिन्छ । यसरी टिकाटाला गर्दा सर्व प्रथम

दुलहीको बाबुले सुरू गर्दछन् र सबै माइतीले टिकाटाला गर्दछन्, त्यसपछि भतेर खुवाउने चलन छ। विवाह प्राय एकदिने हुने गरेको पाइयो ।

यसरी माइतीमा गर्ने कार्य सकिएपछि दुलही लिएर जन्ती सहित दुलाहा घर फर्कन्छ । घर आइपुगेपछि दुलही भित्रयाउने कार्य हुन्छ । धान चामल गरी फरक फरक दुनामा दुलाहाको घरको ढोकामा राखिएको हुन्छ। धान चामल माथि गहुँको पिठोको पाला बनाइ बत्ती बालिएको हुन्छ। दुलहीले धान चामल र ढोकामा पूजा गरे पछि ती बालिएका बत्ती खुट्टाले कुल्चाएर निभाउँदै दुलही घरभित्र पस्ने चलन छ। हाल आएर अध्ययन क्षेत्रमा विवाहमा ब्राहमण निम्त्याउने गरेको पनि पाइयो ।

#### ५.५.७.२ भागी विवाह (प्रेम विवाह)

यस किसिमको विवाह पनि यस जातिमा प्रचलनमा रहेको पाइयो। भागी विवाहलाई हालआएर प्रेम विवाह पनि भन्ने चलन छ। केटा केटी एक आपसमा मन पराई मन परेको केटाकेटीसँगै कुनै ठाउँमा भेटेर सधैँको निम्ति सँगै जीवन बिताउनको निम्ति हिड्छन् जसलाईप्रेम विवाह वा भागी विवाह भन्ने गरिन्छ। यसरी केटाकेटी आपसमा मिलेर गइसके पछिकेटा पक्षकोले केटी पक्षकोलाई कोसेली पठाउने चलन छ । यसरी पठाइएको कोसेलीस्वीकार नभएमा सम्बन्ध यथावत रहन्छ भने स्वीकार गरिएमा दिन तोकेर विवाह कार्यसम्पन्न गरिन्छ । केटी फकाएर घरमा ल्याएपछि गक्ष अनुसार खसी, बोका, कुखुरा काटेर भतेर लगाएर आफन्तलाई पठाउने चलन छ। अध्ययन क्षेत्रमा भागी विवाह भए पनि दुवै तर्फको कुरा मिलेपछि मागी विवाहको संस्कार अनुसार नै कर्म चलाइएको पाइयो ।

### ५.५.८ मृत्युसंस्कार

भुजेल जातिको मत्युपछि लासलाई जलाउने गर्दछन् । कतैकतैका घर्तीहरूले लासलाई गाड्ने गरेको पनि पाइयो । फापरथुम गा.वि.स.का घर्तीहरूले लासलाई घाटमा लगेर पोल्ने गरेको पाइयो। मरिसके पछि घर्ती जातिले आफ्नो लासलाई अन्य जातिलाई छुन वा चलाउन नदिने गरेको पाइयो।

जब मानिसको मृत्यु हुन्छ, त्यस पछि आँगनको छेउमा लिपपोत गरी जौं, तिल छर्केर त्यहाँ लगी लासलाई धुप पैसा फलफूल चढाउने गरिन्छ। त्यसपछि सबै भन्दा पहिले मृतकका छोराहरूले लासलाई बोक्ने प्रचलन रहेको छ । छोराको उपस्थिति नभए वा हुँदै

नभए घर्ती दाजुभाइले नै बोक्ने गर्दछन् । घाटमा पुगेपछि उत्तर तर्फ टाउको पारी जलाउने चलन रहेको छ । लास पोल्ने काम सकिएपछि छोराहरूको कपाल खौरने काम हुन्छ । र सेतो कपडाको धोती लगाइन्छ । पिढीँमा मान्द्राले बारेर किरिया गर्ने व्यक्तिको निम्ति बसोबासको व्यवस्था गरिएको हुन्छ । किरिया अवधि भर कसैलाई छुनुहुदैन । अध्ययन क्षेत्रका घर्तीहरूले भने ब्राहमण बोलाई हिन्दूधर्म संस्कार अनुसार १३ दिन काजकिरिया गरी चोखिने चोखाउने गरेको पाइयो ।

अन्तिम चाखिने दिनमा ब्राहमणद्वारा हिन्दू परम्पराअनुसार क्रियाकलाप गरी अध्ययन क्षेत्रका घर्तीहरूले ब्राह्मणद्वारा मन्तरिएको गाईको गहुँत खाई चोखिने गरेको पाइयो भने आफ्ना दाजुभाईको घरमा समेत गाईको गहुँत छरेर मात्र चोखिने परम्परा रहेको पाइयो । उक्त दिनमा सबै मलामीहरू जम्मा गराई रोटी, जाँड, रक्सी, मासु समेत खुवाउने गरेको समेत घर्ती समुदायमा पाइयो ।

# अध्याय :छ

# घर्ती भुजेल जातिको अन्य जातिसँगको अन्तरसम्बन्ध

## ६.१ ऐतिहासिक अवस्था र सम्वन्ध

मानिस एक सामाजिक प्राणी हो । उ आफ्नो अस्तित्व समाज विना कल्पना सम्म पनि गर्न सक्दैन । मानिसले आफ्नो आवश्यकताहरू पुरा गर्न मात्र नभै आफ्नो दैनिक जनजीवनलाई सहज बनाउनको निम्ति पनि समाजको नै आवश्यकता पर्दछ । नेपाली समाज विभिन्न जातजाति र जनजातिको समिश्रणबाट निर्माण भएको छ । नेपालको विशिष्टता भनेको नै यही हो कि जहाँ विभिन्न भाषा, धर्म, संस्कृति, परम्परा भएका मानिसहरू एक आपसमा मिलेर बस्न सकिरहेका छन् । यिनीहरूका क्रियाकलाप हेर्दा एउटै घरका दाजुभाइ जस्ता पनि देखिने गर्दछन् ।

त्यसमाथि भुजेल जाति अत्यन्तै सोझा र सरल जाति हुन । यो जातिका मानिसहरू अत्यन्तै मीलनसार र सहयोगी हुन्छन् । छिट्टै अरूसँग घुलमिल हुनसक्नु यिनीहरूको विशेषता पनि हो । यीनीहरू इतिहासको कालखण्डमा विभिन्न कारणले गर्दा आफ्नो मूलथलो छाडेर विभिन्न स्थानहरूमा छरिन पुगेका थिए । जुनसुकै कारणबाट भएपनि यिनीहरू आफ्नो थलो छाडेर जानुपरेको र यसरी गएको ठाउँमा जुन ठाउँमा पुग्यो त्यही ठाउँको संस्कृतिलाई पछ्याउनु सायद यीनिहरूको बाध्यता थियो । जसले गर्दा कतिपय घर्ती बस्तीहरूमा घर्ती जातिको सांस्कृतिक संस्कारहरू देख्न नै पाइदैन भने समुदाय कै सदस्यहरू पनि यस विषयमा अनविज्ञ रहेका छन् ।

स्याङ्जा जिल्लाको फापरथुम गा.वि.स.का विभिन्न स्थानहरू वडा नं. १, ३ र ६ मा छरिएर रहेका भुजेल जातिहरूको पनि अवस्था त्यस्तै देखियो । यीनिहरूले आफ्ना जातिय संस्कारहरू भुल्दै गएर अन्य समुदायहरू सो क्षेत्रमा बहुसंख्यक रूपमा रहेका छन् तिनीहरूको संस्कार तथा संस्कृतिलाई अंगालेका छन् । यी वडाहरूमा ब्राह्मण, क्षेत्री र अन्य दलित जातिहरू पनि रहेका छन् भने यो गा.वि.स. मा गुरूङ, ठकुरी लगायतका जातिहरू पनि रहेका छन् । यसरी घर्ती जातिहरूले आफ्नो वडा तथा नजिकैको समाजमा रहेका र बसेका सबै जातजातिसँग सौहार्दपूर्ण सम्बन्ध कायम गरेको देखियो ।

खासगरी यो क्षेत्रमा बस्ने प्रत्येक जातिहरू आ–आफ्नो जीवन सञ्चालनका लागि एक अर्कामाथि निर्भर रहनुपर्ने भएकाले गर्दा पनि सम्बन्ध सौहार्दपूर्ण रहनु स्वाभाविकै हो । घर्ती जातिका कतिपय काम गर्न सक्ने उमेरका र ज्याला मजदुरी गरी खाने घर्ती जातिका मानिसहरू ब्राह्मण, क्षेत्री, ठकुरी आदि जातिका मानिसकोमा कामकाज तथा अन्य धेरै कुरामा सहयोग पुऱ्याइरहेको छन् र यसको बदलामा नगद तथा अन्य सहयोग समेत लिने गरेका छन् ।

यसरी भुजेल तथा अन्य छिमेकका जातिहरूबीच घनिष्ठ सम्बन्ध रहेतापनि ठकुरी तथा ब्राह्मणहरू यिनीहरूलाई घर्ती भन्ने भावनाबाट वा तल्लो जातिको रूपमा हेर्ने गर्दछन् भने यी भुजेल जातिहरूले पनि आफ्नो छिमेकमा रहेका दलितहरूलाई सानाजाति वा अछुतको व्यवहार भने गर्ने गरेको पाइयो । घर्ती जातिले कतिपय अवस्थामा आफ्नो थर नै आचार्य (अध्ययन क्षेत्रका केही घरले पहिले आफ्नो थर नै आचार्य रहेको बताए) केहि थापा क्षेत्री भएको बताए । यसबाट उनीहरू ब्राह्मण वा क्षेत्रीय थर लेख्न रूचाउने स्पष्ट हुन्छ ।

डाटा संकलनको क्रममा एक घर्ती युवकले आफूहरू उपाध्याय बाहुन भएको पछि व्रतबन्ध हुन नसकि घर्ती भएको हो भनी विवादै गरेको समेत देखियो । यसबाट के स्पष्ट हुन्छ भने यिनीहरू आफ्नो घर्ती पहिचानलाई बताउन भन्दा ब्राह्मण, क्षेत्रीय पहिचान बनाउन चाहन्छन् र समाजमा आफूलाई ठूलो भइन्छ भन्ने मान्यता राख्ने गर्दछन् । जो समाजमा घर्तीहरूको कारणले यिनीहरूलाई आत्मसम्मान हुन नसक्नुको कारण हो । हाल आएर पढेलेखेका घर्ती युवाहरू आफ्नो जातीय पहिचानलाई कायम राख्नुपर्ने भन्ने कुरा गरेको पाइयो । यिनीहरू भूजेल सेवा समितिमा समेत आबद्ध भएको पाइयो । नेपाली समाजमा विभिन्न घटनाक्रम तथा कानून निर्माणको प्रक्रियाले जातिय छुवाछूत प्रथा पनि कमजोर बन्दै गएको छ भने जनजातिहरू आफ्नो पहिचान जोगाउनको निम्ति कम्मर कसेर लागेका छन् । जसले गर्दा घर्ती जातिमा पनि आफ्नो पहिचानको निम्ति जागरूक हुन मद्दत पुऱ्याएको छ ।

## ६.२ अन्य जातिले समाजमा घर्ती जातिलाई हेर्ने दृष्टिकोण

भुजेल जातिलाई समाजमा वा हिन्दू समाजमा पानी चल्ने मतवाली जातिको रूपमा हेर्ने गरेको पाइयो । समाजका वृद्धा वृद्ध क्षेत्री तथा ब्राह्मणहरूले घर्तीले पकाएको भात नखाने तर चोखो गरी पकाएका रोटी, मकै तथा अन्य अन्नहरू खानेगरेको पाइयो । यिनीहरू

विवाहमा डोला बोक्ने डोलेको समेत काम गर्ने तथा कलश बोक्ने कलस्यौली समेतको काम गर्ने भएकोले विवाहमा समेत महत्व दिने गरेको पाइयो । यद्यपि यो चलन हाल अध्ययन क्षेत्रमा लोप हुन लागेको पाइयो । कतिपय घर्तीहरू ब्राह्मण क्षेत्रीको वार्षिक मुजुरी लिने गरेर जोत्ने काममा पनि लागेको पाइयो तर अहिलेको पुस्ता भने नोकरी तथा रोजगारीमा तथा वैदेशिक रोजगारीमा समेत लाग्ने भएकाले सो पेशा नगरेको देखियो । गाउँका एकजना जमिन्दार जो पहिले घर्तीलाई मुजुरीमा हलीको रूपमा राखेका थिए उनका अनुसार घर्तीजाति सोझा, काम फत्ते गर्ने, कम रिसाउने, मिलनसार र मेहनती भएको भनेर अन्तर्वार्ताको क्रममा बताएका थिए ।

हाल आएर भुजेल जातिहरूसंग ब्रह्मण, क्षेत्री, ठकुरीको अर्मपर्म चल्ने युवाहरूमा भात भान्सा समेत चल्ने गरेको पाइयो । समाजका क्रियाकलापमा समेत घर्तीहरू समान रूपले संलग्न हुन थालेको पाइयो । विभिन्न सामाजिक समूहहरूमा समेत यिनीहरूको उल्लेख्य उपस्थिति देखिन थालियो जसलाई तलको तालिकामा देखाइन्छ ।

**तालिका नं. ६.१**

**फापरथुम गा.वि.स.का भुजेलहरू संलग्न रहेका सामाजिक समूहहरूको विवरण**

| सामाजिक समूह | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| कृषक समूह | २३ | ४६.९३ |
| सामूदायिक वन उपभोक्ता समूह | ४९ | १०० |
| सहकारी संस्था | १९ | ३८.७७ |
| आमा समूह | ४२ | ८५.७१ |
| टोल सुधार समूह | ५ | ११.९५ |
| विद्यालय व्यवस्था समिति | ३ | ६.१२ |

*स्रोत: स्थलगत अध्ययन २०६९ वैशाख*

यसरी सामाजिक समूहमा ४९ मध्ये सवै परिवार सामुदायिक वन उपभोक्ता समूहमा, २३ परिवार कृषक समूहमा, सहकारी संस्थामा विभिन्न १९ परिवार, आमा समूहमा४२ परिवार र टोल सुधारमा ५ परिवारको संलग्नता रहेको देखियो । घर्ती तथा ब्राह्मण क्षेत्रीवीच एक आपसमा लेनदेन समेत रहेको पाइयो । पहिले घर्तीहरू ब्राह्मण, क्षेत्री, ठकुरीबाट ऋण लिने गर्दथे । हाल आएर कतैकतै यिनीहरूले यी समुदायका मानिसलाई ऋण दिनेसमेत गरेको पाइयो ।

## ६.३ भुजेल जातिले समाजमा आफूभन्दा तल्ला जातिप्रति गर्ने व्यवहार

भुजेलहरूले आफ्नो छरछिमेकमा रहेका दलितहरूप्रति पनि सौहार्दपूर्ण व्यवहार नै गरेको पाइयो । यिनीहरूको एक आपसमा लेनदेन तथा मेलपातमा समेत अर्मपर्म चलेको पाइयो तर बढी जसो दलितहरू यिनीहरूकोमा नै आउने गरेका हुन्छन् । घर्तीजाति पनि छुवाछुतमा कट्टर रहेको पाइयो । यिनीहरूले दलितले छोएको पानी सम्म पनि खादैनन् जे जसो भएपनि यिनीहरूले दलित जातिसँग मिलेर नै बस्ने गरेको पाइयो ।

## ६.४ साँस्कृतिक अन्तरसम्बन्ध

समाजमा विभिन्न सांस्कृतिक क्रियाकलापहरू भै रहेको हुन्छन् । विवाह, व्रतबन्ध, विभिन्न भोज, पूजा, मृत्युसंस्कार आदि यस्ता क्रियाकलापहरूमा आफ्ना छिमेकीमा रहेका भुजेलहरूलाई अन्य समुदाय ब्राह्मण, क्षेत्री, ठकुरीले निर्वाध रूपबाट निम्ताउने गरेको पाइयो भने घर्ती जातिका यी क्रियाकलाहरूमा समेत ब्राह्मण क्षेत्री ठकुरी निम्ताउने गरेको पाइयो । पूजाआजा पछि गरिने भजन कृतनहरूमा घर्ती समुदायको सक्रिय संलग्नता पाइयो भने समाजमा भएका दु:ख सुखमा सबै समाजका सदस्यहरूले सहभागिता जनाउने गरेको पाइयो । भोजभतेरमा भात नचलेपनि चोखो भनिने कुराहरू ब्राह्मण तथा क्षेत्री समूदायले घर्ती जातिकोमा गएर खाने गरेको र घर्ती जातिले ब्राह्मण क्षेत्रीकोमा निर्वाद रूपमा खाने गरेका हुन्छन् । अध्ययन क्षेत्रका घर्तीहरूमा पनि अन्य क्षेत्रका घर्तीहरू जस्तै आफ्नो साँस्कृतिक पहिचान जोगाइराख्नको निम्ति नभै उनीहरू आफू जुन समाजमा रहेका छन् । त्यही समाजसँग नै मिलेर अर्न्तसम्बन्धित भएर बस्न खोजेको पाइयो । उनीहरू विस्तारै विस्तारै छुट्टै समूह वा समूदाय हुन् भन्ने पनि कुनै आधार नै नरहने अवस्था नआउला भन्न सकिँदैन । समाजमा एक आपसमा मिलेर सौहार्दपूर्ण वातावरणम रहनु यो समुदायको सकरात्मक पक्ष हो ।

# अध्याय : सात

# सारांश, निष्कर्ष र सुझाव

## ७.१ सारांश

विभिन्न जाति जनजातिमध्ये घर्ती (भूजेल) जाति पनि आफ्नै स्वतन्त्र भाषा परम्परा रीतिरिवाज भएको जातीय समूह हो । संरक्षण सम्बर्द्धन तथा अध्ययन अनुसन्धानको अभावमा यो जातिको आफ्नो परम्परा हराउँदै गएको कुरालाई सबैले स्वीकार गर्नुपर्दछ । विभिन्न जनजातिको संस्कृति जगेर्नाको निमित्त विभिन्न कदमहरू चलाइएको भएपनि यो जातिको संस्कृति बचाउन उल्लेखनीय कार्य हुन सकेको छैन । समय परिवर्तनसंगै यस जातिको सामाजिक सांस्कृतिक अवस्थामा परिवर्तन आएको छ । नेपालको सीमनाभित्र मात्र नरहेर दार्जलिङ सिक्कीम आशाम आदि नेपाली मूलका भारतीयहरू रहेको ठाउँमा पनि यिनीहरूको उपस्थिती देख्न पाइन्छ ।

यसरी छरिएर रहेका घर्ती (भुजेल) जातिहरू कतिपय त आफ्नो संस्कृति तथा भाषाको बारेमा नै अनविज्ञ छन् भने कतिपय स्थानमा अघिल्लो पुस्ताका केही वृद्धहरूलाई मात्र जानकारी रहेको छ । यिनीहरू आफूलाई अन्य जातिसँग यसरी समायोजन गरी सकेका छन् कि आफ्नै अतित्व नै भुल्ने अवस्थामा पुगेका छन् । कतैकतै अवशेषको रूपमा रहेको भुजेल भाषा संस्कृतिलाई संरक्षण गर्न नसकेको खण्डमा नेपालबाट विभिन्न लोप भै गएका भाषा तथा संस्कृतिको सूचिमा भूजेल भाषा तथा संस्कृति छिट्टै दर्ता हुने देखिन्छ ।

भुजेल (घर्ती) जाति सम्बन्धी अध्ययन अत्यन्तै कम भएको देखिन्छ । खास गरी अधिकांश लेखकहरूले यस जातिको अध्ययन नगरी यस जातिको अस्तित्वलाई ख्याल नगरी सतही व्याख्या गरेको पाइएको छ । जुन लेखहरूले यस जातिको अध्ययनको निम्ति थप जटिलता पैदा हुन सक्दछ । तसर्थ यस अध्ययनमा भुजेल तथा घर्ती जातिबारे सकेसम्म तथ्याङ्कहरू तथा पूर्ववत अध्ययनलाई खोजेर, संकलन गरेर, यस जातिको सामाजिक साँस्कृतिक अवस्थालाई प्रष्टाउन खोजिएको छ । सिमित समय, स्रोत साधनलाई ख्याल गर्दै स्याङ्जा जिल्ला फापरथुम गा.वि.स.का भुजेलहरूको सामाजिक, साँस्कृतिक अवस्था र अन्य जातिसँगको सम्बन्धको अध्ययन गरिएको छ । यस जातिको सम्बन्धमा नितान्त कम मात्र अध्ययन भएको छ । भएको अध्ययनमा पनि महत्वको साथ चर्चा नगरिनु आदि कारणले

यस जातिको इतिहास ठम्याउन निकै कठिन छ । भुजेल जातिको उत्पत्ति स्थल नेपालको ढोरपाटन क्षेत्रको भूजी उपत्यका र त्यस वरपरका घर्तीकोट र घर्तीखोला भनिन्छ । यहाँ आउनु पूर्व यो जाति तिब्बत तर्फबाट हिमाल पार गरी आएको र पाँचौ छैटौ शताब्दीतिरबाट यस क्षेत्र वरपर रहन सुरू गरेको र पछि भुजेल (घर्ती) नामकरण भएको विश्वास गरिन्छ ।

अध्ययन कर्ताहरूले विभिन्न समयमा गरेको अध्ययनको आधारमा यस जातिको उत्पत्ति वा नाम हुनुको बारेमा विभिन्न अड्कल काट्न सकिन्छ । भूजि उपत्यकामा बस्ने हुनाले भूजेल भनिएको भन्ने मत सबैभन्दा बलियो रहे पनि प्राचीन समयमा भुजेलको राज्य रहेको र त्यस राज्यमा रहने जातिलाई भुजेल भनिएको पनि उल्लेख गरिएको छ । भोजपत्रको कपडा बनाई लगाउनाले भूजेल भनिएको हो भन्ने मत पनि रहेको छ । अर्को एउटा मत अनुसार भुजेल जातिको उपजातिमा सिजापति पनि रहेको र सिजा क्षेत्रबाटै यतातिर आएर बसोबास गरेको पनि भनेका छन् ।

घर्ती शब्द पनि घर्तीखोला र घर्तीकोट वरपर बस्ने बासिन्दालाई आदर गरी वा सम्मानपूर्वक भनिने शब्द भएको पाइन्छ । घरको मालिक वा घरपट्टि भन्दा अपभ्रंस भै घर्ती भएको कसैले घिङका सन्तान हुनाले घर्ती भएको भन्ने मत पनि पाइन्छ ।

भुजेल जाति विभिन्न थर उपथरमा विभाजित भएकोपाइन्छ । खवास, घर्ती, निशेल र भूजेल यसका मूल थरहरू हुन् । स्याङ्जा जिल्लाका भुजेल जातिको ऐतिहासिक पृष्ठभूमिलाई हेर्नुपर्दा युद्धसँग सम्वन्धित रहेर यहाँको विकट स्थानमा विस्तार भएको वा मूल भूमिबाट खेदिएर विभिन्न स्थानसम्म पुगेको हुन सक्ने अनुमान विश्लेषकहरूको छ ।

यस जातिको विभिन्न गाउँमा पाइने घर्ती तथा भुजेल जातिहरूले पनि आफूहरू भूजि उपत्यका बाट आएको सुनेको कुरा बताउँछन् । भुजेलहरूले आफ्नो संस्कृति परम्परा र पद्धतिलाई अगालेर हिडिरहेको नदेखिए पनि वा परिवर्तन आएको भए पनि उनीहरूको आफ्नै पद्धति रहेको छ । यिनीहरू संयुक्त परिवारमा रहेका हुन्छन् । यिनीहरू सरल र सोझा प्रकृतिका रहेका पाइयो भने समाजमा महिलाको स्थान पुरूष सरहको नै रहेको पाइयो । सानो ठूलोको भेदभाव खासै नरहने तथा नाता सम्बन्धलाई विशेष महत्वका साथ हेर्न गरेको पाइयो । यिनीहरूको मूल पेशा कृषि तथा पशुपालन रहेको तथा चोवा बुन्ने काम पनि गर्ने गरेको पाइयो । काम गर्दा महिला र पुरूषको भूमिका समान किसिमको रहने गरेको

पाइयो । सेनामा भर्ती हुने चलन नभए पनि हाल त्यसमा पनि संलग्न तथा वैदेशिक रोजगारीमा व्यापक लागेको पाइयो ।

आफ्नो भाषाको बारेमा खासै जानकारी नरहेको पनि अध्ययन क्षेत्रका अधिकांश भुजेलहरुको विचार पाइयो भने कतिपयले सुन्न सम्म सुनेको पाइयो । अध्ययन क्षेत्रमा भुजेल भाषा बोल्न जान्ने व्यक्ति फेला परेनन् । भुजेल महिला तथा पुरूषले आजकल साधरण पहिरन लगाउन थालेको पाइयो ।

भुजेल जातिमा जन्म, विवाह र मृत्युमा गरिने संस्कार पनि अलग-अलग रहेका छन् । ब्राह्मण तथा पण्डितको प्रयोग नगरिने तर भान्जाको उपस्थिति अनिवार्य रहनुपर्ने हुन्छ । बच्चाको न्वारन झाँक्रीद्वारा गराउनु पर्ने चलन यो जातिको बाहुल्यता रहेको स्थानमा रहेको छ । तर अध्ययन क्षेत्रमा भुजेलहरूले हिन्दू धर्म संस्कार अनुसार विवाह जन्म तथा मृत्यु संस्कार सञ्चालन गरेको पाइयो ।

प्रमुख बस्तीहरूमा भूजेलले घाटु तथा चुड्का नाच नाच्ने चलन रहेको छ । मंसीर महिनामा नाच्ने भूजेलहरूको यो संस्कृति छरिएर रहेका बस्तीमा देख्न नसकिदो रहेछ । अध्ययन क्षेत्रका भुजेलले त्यो सबै संस्कृति बिर्सिसकेका तथा तीज, जनै पुर्णिमा, दशै, तिहार धुमधामकासाथ मान्न थालेको देखियो ।

खासगरी अध्ययन क्षेत्रका भुजेलहरू आफ्नो पहिलेको बस्तीबाट छरिनु, विकास र चेतनाको प्रभाव तथा सबैभन्दा बढी हिन्दू धर्म संस्कृतिको प्रभाव र अन्य समाजका मान्यता र विश्वास हावी हुनु आदि काराणले यिनीहरूमा व्यापक परिवर्तन आएको छ ।

खासगरी भुजेल जातिहरूको अन्य जातिसँगको अन्तरसम्बन्धले गर्दा तिनीहरूसँग नै सामाजिकीकरणको प्रक्रियामा जाँदा ठुलो माछाले सानो माछाले निले जस्तै बहुसंख्यकको बीचमा अल्पसंख्यकहरूको संस्कृति, धर्म ,तिनीहरुको चालचलनमा परिवर्तन आएको छ ।

## ७.२ निष्कर्ष तथा मुख्य प्राप्ति

यो भुजेल जातिको अध्ययनको निष्कर्ष निम्नानुसार निकालिएको छ ।

- भूजेल नेपालमा बसोबास भएका मुख्य जनजातिमध्ये एक हो र यो जातिको प्रमुख थलो ढोरपाटन क्षेत्रको घर्तीकोट र भूजि उपत्यका हो ।

- भुजेल जातिको नेपालमा बाइसे चौबिसे राज्य सुरू पूर्व आफ्नै राज्य रहेको थियो भन्ने कुरा .श्रुति तथा परम्पराबाट थाहा हुन्छ । यिनीहरूलाइ दक्षिण तिरवाट आएका आर्यहरुले राज्य विहीन पारेका थिए ।
- भूजेल जाति नेपालमा तिब्बत तिरबाट हिमाल पार गरी भूजि उपत्यका वरपर आई बस्न थालेका हुन् भन्ने कुरा बढी सान्दर्भिक मत हो । यिनीहरू यही भूमिमा आफ्नो संस्कृतिको विकास गरेका हुन् ।
- घर्ती र भुजेल दुवै एउटै जाति हुन्, घर्तीखोला वरपरका घर्ती र भूजीखोला वरपरका भुजेल कहलाइएका हुन् ।
- भूजेल आफ्नै भाषा तथा संस्कार भएको आदिवासी जनजाति हो । अझै पनि कतिपय ठाउँमा यिनीहरू आफ्नै भाषा बोल्दछन् ।
- प्रमुख भुजेल बस्तीमा आफ्नै कुल परम्पराअनुसार जन्म, मृत्यु विवाह संस्कार आदि चलाउँदछन्, यिनीहरूले ब्राह्मणको सहयोग लिदैनन् ।
- फापरथुम गा.वि.स.का भुजेलहरु हालको परिवर्तित अवस्थामा पनि अधिकतम संयुक्त परिवारमा वसेको पाईयो । जुन ६५.३० प्रतिशत हुन आउँछ ।
- फापरथुम गा.वि.स.का घर्ती जातिका अधिकांश घर ४४.९० प्रतिशत कच्ची टिनको छाना भएका रहेको पाईयो ।
- अध्ययन क्षेत्रका ९५.९१ प्रतिशत घर्ती जाति कृषि पेशामा संलग्न रहेको पाईयो ।
- अध्ययन क्षेत्रका जम्मा ४९ घरपरिवार मध्य ३४ घरपरिवार वैदेशिक रोजगारमा संलग्न भएको पाईयो ।
- पशुपालनमा ८६ प्रतिशत घरपरिवारले भैसी पालन गरेको देखियो ।
- अध्ययन क्षेत्रका जम्मा १० प्रतिशत घर्ती परीवारलाई मात्र आफ्नो उत्पादनले खान पुग्ने देखियो ।
- अध्ययन क्षेत्रका जम्मा १० प्रतिशत घर्ती परीवारले मात्र शौचालय नवनाएको भएपनि १-२ महिनामित्रनै निर्माण गर्ने योजना रहेको वताएको पाईयो ।
- विभिन्न सामाजिक समुहहरुमा घर्ती भुजेल जातिको संलग्नता राम्रै रहेको पाईयो सामुदायिक वन उपभोक्ता समुहमा १०० प्रतिशत घर्ती जातिको संलग्नता रहेको पाईयो।

- विभिन्न स्थानमा अल्प संख्यामा रहेका भूजेलहरूलाई विभिन्न उच्च जात भनिनेले डोले, कलस्यौली जस्ता काममा आफ्नो सुविधा अनुसार लगाएका थिए । यो उनीहरूको अल्पसंख्याको फाइदा उठाएको भन्न सकिन्छ ।
- भूजेल जाति तथा जनजातिहरूको भाषा तथा संस्कृति विविध कारणले गर्दा हाल आएर लोप उन्मुख देखिएको छ । यसलाई जोगाउन आवश्यक कदम अनिवार्य छ ।
- आज आएर भुजेलहरू जहाँ अल्पसंख्यक छन् त्यहाँ उनीहरू पूर्ण रूपबाट हिन्दू परम्परा अनुसारका संस्कारहरू संञ्चालन गर्न थालेका छन् ।

## ७.३ सुझाव

विश्व सामु नेपालको परिचय भनेको नै यहाँका विभिन्न जात, जाति भाषा, संस्कृति धर्म, परम्परा, इतिहास आदि हुन जो नेपालको मुख्य सम्पत्ति हो र जसको संरक्षण सम्वर्द्धन गर्नु राज्यको कर्तव्य तथा दायित्व हो । कुनै एउटा जाति जनजातिको भाषा संस्कृति वा विशिष्ट पहिचान हराउनु भनेको देशको निम्ति ठूलो क्षति हो । तसर्थ राज्यका यस्ता अपार सम्पत्तिहरू जोगाइ राख्नु पर्ने र भाषा धर्म, संस्कृति परम्परा आदिलाई संरक्षण सम्वर्द्धन गर्दै जीवन्त बनाई राख्नु पर्दछ ।

आफ्नो भाषा, संस्कृति, परम्परा आदि गुमाउँदै गएको विभिन्न जाति जनजातिमा भूजेल जाति पनि अग्रपंक्तिमा रहेको पाइन्छ । वर्तमानमा अवशेषको रूपमा कतैकतै रहेको यो भाषा संस्कृति संरक्षण र सम्वर्द्धन अभाव रहेमा छिट्टै लोप हुने कुरालाई मनन गर्दै यसको संरक्षण र सम्वर्द्धन निम्न लिखित सुझाव दिइएको छ ।

- सर्वप्रथम भुजेल जातिहरूलाई शिक्षाको पुहँचसम्म पुऱ्याउन सरकारले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ । शिक्षा विना उनीहरूले आफ्नो संस्कृति र भाषा आदिको रक्षा गर्नु गाह्रे छ । यिनीहरु आफ्नो विशिष्ट पहिचान के हो भन्ने विषयमा अनविज्ञ नै रहन्छन् ।
- विश्वविद्यालय तथा अनुसन्धान संस्थाले समेत आफ्ना शोधार्थीलाई यस जातिको अध्ययनको लागि प्रोत्साहन गर्नु पर्दछ ।
- समाजमा उचनीचताको प्रवृत्तिको अन्त्य गरी संस्कृति भाषा भन्ने कुरा सबैको समान हो जुन आफ्नो-आफ्नो हुन्छ कसैको ठूलो कसैको सानो हुँदैन भन्ने कुरा सचेत गराउनु पर्ने हुन्छ ।
- आर्थिक रूपले पनि कमजोर रहेका यो जातिमा सीपमूलक तालिम आय आर्जनजस्ता क्रियाकलाप सञ्चालन गरी साँस्कृतिक विचलनबाट जोगाउन सकिन्छ ।
- यसै जाति भित्रका शिक्षित, बुद्धिजीवी, टाठाबाठाले संगठित ढंङगबाट कार्यक्रम सञ्चालन गरी जातीय उत्थानलाई बढवा दिनुपर्ने देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, शुक्रराज, (२०५९), घर्ती/भुजेल समुदायको सामाजिक, साँस्कृतिक तथा आर्थिक पक्षको समाजशास्त्रीय अध्ययन, अप्रकाशित स्नातकोत्तर शोध-पत्र, समाजशास्त्र, शिक्षण विभाग पाटन, त्रि.वि., ललितपुर, नेपाल ।

श्री ५ को सरकार सूचना तथा संञ्चार मन्त्रालय (२०३१), मेची देखि महाकाली, काठमाडौं,

खत्री, प्रेमबहादुर र दाहाल पेशल (२०५३), आधुनिक नेपालको सामाजिक इतिहास, साझा, प्रकाशन, ललितपुर ।

जनजाति आवाज (२०६५), जेष्ठ अंक

दाहाल, पेशव (२०५३), नेपालको इतिहास,साझा प्रकाशन, ललितपुर ।

नेपाली, चिन्तरञ्जन, पन्त, दिनेशराज (२०५८), नेपालको इतिहासका विविध पक्ष, नेपाल प्रज्ञा- प्रतिष्ठान कमलादी, काठमाडौं ।

निरौला, खगेन्द्र (२०४९), रत्न पुस्तक भण्डार,काठमाडौं ।

पोखरेल, बालकृष्ण (२०५५), खस जातिको इतिहास, उदान अनुसन्धान अड्डी, विराटनगर ।

पन्त, शास्त्रादत्त (२०५३), धवलागिरीका छन्त्याल, निथुरा प्रकाशन बाग्लुङ ।

बुढाथोकी, चन्द्रविक्रम (२०३९), जयस्थिति मल्लाको सुधार, साझा प्रकाशन २०३९ ।

भट्टराई, ज्ञानेश्वर (२०६१), बृहद् ज्ञानकोष, प्रज्ञान प्रकाशन, काठमाडौं ।

भुजेल बाबुराम, योञ्जन अमृत (२०५८), भुजेल जाति र भाषा- प्रारम्भिक अध्ययन, भुजेल सेवा समाज जिल्ला समिति, काठमाडौं ।

भुजेल, अमृत सिं. / घर्ती, पान बहादुर (२०६५), भुजेल भाषाको वर्णमाला तथा शब्द संकलन ।

भुजेल, बेलबहादुर (२०५६), भुजेल जाति एक चिनारी, कान्तिपुर कोसेली भाद्र-१२, काठमाडौं ।

भुजेल, आमृतासिं (२००५), भुजेल जाति र सामाजिक साँस्कृतिक जीवन पद्धति, भुजेल समाज सेवा समिती केन्द्रीय समिति काठमाडौं ।

भुजेल जागरण, (२०६२)वर्ष १, अंक १, ।

विष्ट, डोरबहादुर (१९७६), पिपल अफ नेपाल, रत्न पुस्तक भण्डार, काठमाडौं ।

वैद्य, तुलसीराम (२०५८), जाजरकोटको राजनैतिक इतिहास, नेपालको इतिहासका विविध पक्ष, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।

शर्मा, जनकलाल (२०५८), हाम्रो समाज एक अध्ययन, साझा प्रकाशन, काठमाडौं ।

शर्मा, सुकुम (२०६२), आँधीखोला क्षेत्रमा प्रचलित उखानको अध्ययन, निरन्तर प्रकाशन, बागबजार,

शर्मा, चन्द्र दन्त (१९९७), सोसियो कल्चरल चेन्ज अमोङ द मगर्स : एक सोसियो एन्थ्रोपोलोजिकल स्टडी अफ द मगर कास्ट अफ लहरेपिपल भि.डि.सी. बागलुङ, सिडि.यस., टि.यु. कीर्तिपुर ।

शर्मा, नगेन्द्र, (२०३२), नेपाली जनजीवन, साझा प्रकाशन, ललितपुर ।

ह्यामिल्टन, फ्रान्सिस बुचानन् (१८१९), एन एकाउण्ट अफ दि किंगडम अफ नेपाल, न्यू दिल्ली : मञ्जु श्री पब्लिशिंग हाउस ।

हिच्चक, जोन टी, (१९७६), स्प्रिट प्रोसेसन इन द नेपाल हिमालय, न्यू दिल्ली : विकास पब्लिसिङ हाउस ।

हिच्चक, जोन. टी. (१९६६), द मगर्स अफ बनन्यान हिल, न्यू हिल : हल्ट रिन्चर्ट एण्ड विन्स्टन ।

माईकल, ओप्पीट्ज (१९८३), द वाईल्ड बोर एण्ड द प्लोज, कैलाश, ए जर्नल अफ हिमालय स्टडिज्, भोलुम X नम्बर ३-४ ।

भ्यासिटार्ट, इडन (१८९५), द गोर्खाज, न्यू दिल्ली : अनमोल पब्लिकेशन ।

# अनुसूची १
## अध्ययनका क्रममा सोधिएका मुख्य प्रश्नहरु

१. तपाईको जातिको थरको विभाजनबारे जानकारी गराउनुहोस् ।

२. तपाईको मुख्य थलो कहाँ हो ? तपाईहरु कहाँबाट यहाँसम्म आउनुभयो ?

३. तपाईको भाषाको बारेमा केही भन्नुहुन्छ कि ?

४. समाजमा कत्तिको सहज अनुभव गर्नुहुन्छ ?

५. घर्तीको वास्तविक अवस्थाबारे केही भन्नुहुन्छ कि ?

६. तपाईको विशिष्ट पहिचान झल्काउने साँस्कृतिक पक्षको बारेमा केही बताइदिनु हुन्छ कि ?

# अनुसूची २

## अध्ययनका क्रममा सोधिएका प्रश्नहरु

| क.सं. | नाम/थर | उमेर | लिङ्ग | शैक्षिक योग्यता | वैवाहिक स्थिति | मुख्य पेशा | सहायक पेशा |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |

१. तपाईको थर कसरी घर्ती रहन गयो ?

उत्तर : ..........................................................................................

२. तपाईको थर घर्ती वा भुजेल के लेख्न रुचाउनु हुन्छ ?

क. घर्ती ख. भुजेल

३. तपाईहरु आफ्नो मुख्य थलोबाट यहाँसम्म कसरी आइपुग्नु भयो ?

उत्तर : ..........................................................................................

४. तपाईहरुलाई आफ्नो भाषाको बारेमा ज्ञान छ ?

उत्तर : ..........................................................................................

५. तपाईहरु कस्तो परिवारमा बस्नुहुन्छ ?

क. एकल ख. संयुक्त

६. खानेपानी कहाँको प्रयोग गर्नुहुन्छ ?

क. धारा ख. कुवा ग . अन्य

७. शौचालय कस्तो प्रयोग गर्नुहुन्छ ?

क. कच्ची ख. पक्की ग. खुल्ला

८. बिरामी पर्दा कहाँ उपचार गराउनुहुन्छ ?

क. स्वास्थ्य चौकी ख. अस्पताल ग.धामी झाँक्री

९. खाना के मा पकाउनुहुन्छ ?

क. दाउरा ख. ग्याँस ग. स्टोभ

१०. परिवारका मानिसहरु कुनै संघ संस्थामा आवद्ध छन् वा छैनन् ?

क. छन् ख. छैनन्

छन् भने कुन संस्थामा छन् ?

उत्तर : ....................................................................................................

११. निर्णय प्रक्रियामा महिलाको सहभागिता छ वा छैन ?

क. छ ख. छैन

१२. आम्दानीको मुख्य स्रोत के हुन् ?

उत्तर : ................................................................................................

१३. छोराछोरीलाई कस्तो विद्यालयमा पढाउनु हुन्छ ?

क. सामुदायिक ख. निजी

१४. तपाईको समुदायमा कस्तो विवाहको चलन छ ?

क. मागी ख. भागी/प्रेम

१५. दाइजो प्रतिको धारणा कस्तो छ ?

क. सकरात्मक ख. नकरात्मक

१६. विवाह भोज कसरी गर्नुहुन्छ ?

क. सामान्य ख. भव्य

१७. विवाह भोजमा अन्य समुदायलाई निम्तो गर्नुहुन्छ वा हुँदैन ?

क. गर्छौं ख. गर्दैनौं

१८. छैठी, न्वारन, पास्नी कसरी गराउनुहुन्छ ?

उत्तर : ....................................................................................................

१९. छोरा छोरी जन्मदा केही फरक क्रियाकलाप गर्नुहुन्छ कि ?

उत्तर : ....................................................................................................

२०. पोशाक कस्तो लगाउनुहुन्छ ? पुरुष/ महिला

उत्तर : ....................................................................................................

२१. मुख्य-मुख्य चाड के-के हुन् ?

उत्तर : ....................................................................................................

२२. मुख्य खाना के-के हुन् ?

उत्तर : ....................................................................................................

२३. मृत्यु संस्कार कसरी गर्नुहुन्छ ?

उत्तर : ..........................................................................................

२४. अन्य प्रमुख संस्कारहरु केही छन् कि ?

उत्तर : ..........................................................................................

२५. तपाईलाई अन्य जातिले कुन् रुपले हेर्छन् जस्तो लाग्छ? मेलापात, अर्मपर्म चल्छ वा चल्दैन ?

उत्तर : ..........................................................................................

२६. अन्य समुदायलाई आफ्नो कार्यक्रममा तपाईहरुलाई निमन्त्रणा गर्छन् वा गर्दैनन् ?

उत्तर : ..........................................................................................

२७. आर्थिक लेनदेन अन्य जातिसँग हुन्छ वा हुँदैन ?

उत्तर : ..........................................................................................

२८. अरु जातिहरुप्रति तपाईको अवधारणा के छ ?

उत्तर : ..........................................................................................

२९. छुवाछुतलाई कत्तिको प्रश्रय लिनुहुन्छ ?

उत्तर : ..........................................................................................

३०. समुदायमा अन्तरजातीय विवाहलाई कसरी लिने गर्नुभएको छ ?

उत्तर : ..........................................................................................

३१. समाजमा ठूला जाति मानिने ब्राह्मण क्षेत्रीको व्यवहारबाट सन्तुष्ट हुनुहुन्छ ?

उत्तर : ..........................................................................................

३२. समाजमा दलित लगायत अन्य जातिप्रति कस्तो व्यवहार गर्नुहुन्छ ?

उत्तर : ..........................................................................................

## अनुसूची ३

### मुख्य सूचनादाताको नामावली

१ एक वहादुर भुजेल
फापरथुम गा.वि.स.वडा नं ६
उमेर :४२ वर्ष

२ ज्ञान वहादुर भुजेल
फापरथुम गा.वि.स.वडा नं ६
उमेर :३२ वर्ष

३ पुर्ण वहादुर भुजेल
फापरथुम गा.वि.स.वडा नं ३
उमेर :४६ वर्ष

४ पवित्रा भुजेल
फापरथुम गा.वि.स.वडा नं १
उमेर :२२ वर्ष

५ देवी घर्ती
फापरथुम गा.वि.स.वडा नं १
उमेर ३७ वर्ष